बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३



# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा
रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१४ ।। अङ्क : १४९ ॥ २०७९ असार २१ गते मंगलबार (5th Jul 2022 Tuesday)    **Pratidin** National Daily    dNo–?÷%÷–


## ‘आवश्यकताको आधारमा कनकाईको बजेट’

***झापा (प्रस) ।*** कनकाई नगरपालिकाका नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले आवश्यकताको आधारमा बजेट विनियोजन गरिएको बताएका छन् ।

‘स्थानीय आवश्यकता र बजेटको प्राथमिकता’ विषयक जनप्रतिनिधिसंगको साक्षात्कार कार्यक्रममा बोल्दै नगर प्रमुख पोखरेलले एउटा वडाबाट एक अर्बसम्मको बजेटको माग भई आएको बताउँदै भएका बजेटलाई कसरी राम्रो र प्रभावकारी बनाउन सकिन्छ भनेर बजेट विनियोजन गरिएको जानकारी दिए । आगामी आर्थिक वर्षको लागि कनकाई नगरपालिकाले ७३ करोडको बजेट ल्याएको छ । ‘जसको सवाल उसकै नेतृत्व हुनुपर्छ’ रिपोर्टर्स क्लब नेपाल मेची शाखाले सोमबार विहान आयोजना गरेको कार्यक्रममा बोल्दै उनले भने ,‘ समाजमा सिक्दैछौं ,नराम्रोलाई छोड्दै राम्रो कामको थालनी गर्छौं ।’ उनले नगरपालिकाको खर्चलाई पारदर्शी बनाउन आगामी आर्थिक वर्षदेखि प्रत्येक साता सार्वजनिक सुनुवाई गरिने जानकारी दिए । त्यस्तै जवाफदेही र उत्तरदायी बन्नका लागि जनतासंग कार्यक्रम राखिएको समेत जानकारी दिए । उनले फोहोरमैलाको व्यवस्थापन गर्दै ग्यास पाइपलाइनमार्फत इन्धन आपूर्ति गर्ने योजनालाई गौरवको रुपमा लिइएको बताए ।




नगर प्रमुख पोखरेलले नगरका प्रत्येक वडाभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थललाई जोडेर नगरको पहिचानको रुपमा स्थापित गर्ने बताए । उनले आर्थिक वर्ष २०७९/०८० को बजेटमा समग्र नगरका विविध विषयलाई समेटेको बताए । ‘उत्पादन क्षेत्रलाई चारैतिरबाट जोड्ने प्रयास गरेका छौं’ नगर प्रमुख पोखरेलले भने, ‘अर्गानिक तरकारी उत्पादनका लागि बजेट नै छुट्याएका छौं ।’ उनले नगरमा हुने विपद न्यूनीकरण, कृषि बजारका रुपमा टहरा, धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास, युवा स्वरोजगार कार्यक्रम, बालमैत्री नगर, नगर अस्पताल, शिक्षालगायत सबै क्षेत्रलाई समेटेर नीति तथा कार्यक्रम ल्याएको जानकारी दिए । त्यस्तै, नगर उपप्रमुख आशा शर्मा शिवाकोटीले नगरका सबै राजनीतिक दल र संघ/संस्थाका प्रतिनिधिहरुको सल्लाह, सुझाव तथा उपस्थितिमा नगरको नीति, कार्यक्रम तथा बजेट ल्याएको बताइन् ।

कार्यक्रममा नगरका वडा नम्बर १ वडा अध्यक्ष सुशीलकुमार पोखरेल, २ का वडा अध्यक्ष बलराम राई, ३ का वडा अध्यक्ष युवराज चम्लागाईं, वडा नम्बर ७ की वडा सदस्य अरुणा सुब्बा, जिल्ला समन्वय समिति सदस्य सन्तोष सुरेनलगायतले आआफ्नो भनाइ राखेका थिए ।

क्लबका अध्यक्ष शेखर सेडाईंले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमलाई क्लबका उपाध्यक्ष तुलसीप्रसाद निरौलाले सञ्चालन गरेका थिए ।

## कोदोको रक्सीलाई अन्तर्राष्ट्रियकरण गर्न प्रवर्द्धन समिति

***अर्जुनधारा (प्रस) ।*** परम्परागत मदिरा (कोदो रक्सी) लाई अन्तर्राष्ट्रियकरण गर्नका लागि सोमबार झापा जिल्लास्तरीय प्रवर्द्धन समिति गठन भएको छ ।



प्रवर्द्धन समितिको संयोजकमा शर्मिला आङ्दम्बे रहेकी छन् । उनको नेतृत्वमा २१ सदस्यीय कार्यसमिति गठन भएको हो । झापा जिल्लाभरिका सबै जातिलाई मिलाएर उक्त समिति निर्माण भएको जनाइएको छ ।

प्रवर्द्धन समितिको गठन चारआलीको चुम्लुङ भवनमा भएको हो ।प्रवर्द्धन समितिले कार्यक्रम गर्नुभन्दा अघि एक कार्यपत्र प्रस्तुत गर्दै कोदोको रक्सीलाई अन्तर्राष्ट्रियकरण गर्नसके आयआर्जनको मूख्य माध्यम बन्ने कुरा प्रस्तुत गरेको थियो ।

प्रवर्द्धन समितिकी सदस्य शर्मिला सिङ्घकले उक्त कार्यपत्र प्रस्तुत गर्दै झापामा मात्र होइन, प्रदेश नं. १ को १४ वटा जिल्लामा कार्यसमिति निर्माण गर्दै जाने र प्रदेशको प्रवर्द्धन समितिमा सबै जिल्लाको सहभागिता रहेको बताइन् ।

सिङ्घकले प्रस्तुत गरेको कार्यपत्रमाथि बुद्धिजीवि देशु वनेम, फोनिजका दिपीन राई, आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष भरतकुमार श्रेष्ठलगायतले कोदोको रक्सीलाई अन्तर्राष्ट्रियकरण गर्न ल्याइएको प्रतिवेदनमाथि आ-आफ्नो सुझाव राखेका थिए ।

छलफलमा बुद्धिजीवि आरभी पालुङ्वा, लालबहादुर थेवे, इन्द्रकुमार श्रेष्ठ, समर राई, चिजा राई, पाण्डपलाल चौधरी, धनप्रसाद गुरुङ,अग्नीमाया मेचे, सबिना राजवंशी, ओमप्रकाश खापुङलगायतले कोदोको रक्सी र आयआर्जनका विषयमा आ-आफ्नो विचार राखेका थिए ।

प्रवर्द्धन समितिका प्रदेश १ का संयोजक टेकबहादुर खजुमले प्रदेश नं. १ को नीति तथा कार्यक्रममा कोदोको रक्सीलाई आयआर्जनको रुपमा लैजाने गरि परियोजना पास गरिएको जानकारी गराएका थिए ।

उनले उक्त परियोजना निर्माणका लागि प्रवर्द्धन समितिले मुख्यमन्त्री, अर्थमन्त्री, पूर्व सामाजिक मन्त्री तथा कोदोको रक्सीका अभियन्ता उषाकला राई, उद्योगमन्त्री प्रकाशप्रसाद हाङ्गामलगायतलाई ज्ञापनपत्र बुझाएको बताए ।

कार्यक्रममा प्रवर्द्धन समितिका संयोजक खजुमले इलाम, पाँचथर, ताप्लेजुङ, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभालगायतका जिल्लाबाट प्रवर्द्धन समितिमा जोडिएको बताए ।

## दमकमा पानी निकासको गुरुयोजना बन्दै

***झापा (प्रस) ।*** दमकमा सामान्य वर्षाको समयमा समेत बजार क्षेत्रलगायतका विभिन्न व्यस्त ठाउँहरू एकै क्षणमा जलाम्य बन्ने गरेको छ । पानीको उचित निकास नभएका कारण यो अवस्था आएको हो ।

सामान्य वर्षा हुनासाथ सडकमा भेल बग्न थाल्ने र व्यवसायीहरूलाई पसलको सामान जोगाउन मुश्किल पर्ने व्यवसायीको साझा गुनासो छ । पुराना खोला, खोल्सी र पैनीहरू मासेर जग्गा खण्डीकरण गरेर बिक्री गरेका कारण अहिले बजारलगायतका मुख्य सहरी क्षेत्रमा नै वर्षामा समस्या हुन थालेपछि यसको निकासको उपाय नगरपालिकाले खोज्न थालेको छ । सडकसँगै ढल निर्माण गर्दा पानी निकासको बन्दोबस्त नगर्दा समस्या आएको नगरपालिकाकै प्राविधिकहरूको भनाइ छ ।

सडकमा पानी बगेपछि कालोपत्रे भएका सडकहरू पनि भत्केर खाल्डोखुल्डी भएको देखिन्छ । वर्षा सुरु भएपछि कालोपत्रे भत्किएर सवारीसाधन कुदाउन नै नसक्ने अवस्था हुन थालेको दमक नगरपालिकाका पूर्व जनप्रतिनिधि श्याम कार्कीले बताए । उनले भने, ‘बारम्बार ढलको उचित व्यवस्थापन र पानीको निकासको विषयमा कुरा उठाएका छौं तर खोई कसैले ध्यान दिँदैनन् ।’

दमक नगरपालिकाले आउँदो आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा भने यो विषयलाई समेटेको देखिन्छ । ‘दमक नगरपालिकाको समग्र भूगोलको आधारमा पानी निकासको गुरुयोजना बनाइनेछ,’ दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराई प्रसाईंले बताईन् । यस विषयमा धेरै गुनासो आएको र आफूले पनि समस्या देखेको बताउँदै ढल व्यवस्थापनको विषयमा स्थानीय सरकारको पर्याप्त ध्यान जाने भट्टराईले जनाईन् । स्थलगत सर्भे गरी पुरानो नालाको पुनः निर्माणको समेत गुरुयोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने भट्टराईले बताईन् ।

प्रत्येक आयोजनाको ठेक्का सूचना प्रकाशन हुनुभन्दा अगावै डीपीआरमाथि विस्तृत छलफलपछि डिजाइन, ड्रइङ, इस्टिमेट स्वीकृत गरी सोअनुसारको ठेक्का सूचना प्रकाशन गर्ने प्रकृयालाई पूर्ण कार्यान्वयनमा ल्याइने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएकाले यसलाई कडाइका साथ पालना गराइने नगरपालिकाले जनाएको छ ।

**सच्याइएको**

यस प्रतिदिन दैनिकको असार २० गते प्रकाशित अंकको तेस्रो पृष्ठमा शिवसताक्षी नगरपालिकाको वडा नं ६ का वडाध्यक्ष मनोज खुलाल हुनुपर्नेमा नाम , राजनीतिक पार्टी र मतपरिणाम अन्यथा भएकाले सच्याइएको छ – **सम्पादक** ।

# दक्ष प्राविधिक नहुँदा ड्रायर मेशिन थन्कियो

• **बरतलाल राजवंशी**

कुमरखोद ।कृषि ज्ञान केन्द्रले अनुदान सहयोगमा झापा गाउँपालिकाका सहकारी संस्थालाई दिएको दुईवटा ड्रायर मेशिन दक्ष प्राविधिक नहुँदा बिग्रिएर थन्किएको छ ।

झापा गाउँपालिकाका दुईवटा सहकारी संस्थाले गत वर्ष दुईवटा ड्रायर मेशिन ल्याएका थिए । किसानले लगाएको धान , मकै र गहुँ सुकाउनको लागि ड्रायर मेशिन खरिद गरेर ल्याएता पनि दक्ष जनशक्तिको अभावमा चलाउन नसकेर थन्केको हो । त्यसबाट ल्याएको एक वर्षसम्म कुनै आम्दानी लिन सकेका छैनन्। झापा गाउँपालिकाभित्र रहेका कुमरखोद साना किसान कृषि सहकारी र मारसाल कृषि सहकारी संस्थाले सँगै दुईवटा ड्रायर मेशिन ल्याएका थिए । कुमरखोद साना किसान सहकारी संस्थाले गत वर्ष एक कार्यक्रम गरी ड्रायर मेशिनको झापा गाउँपालिका अध्यक्ष जयनारायण शाहद्वारा उद्‌घाटन गर्न लगाएको थियो । अहिले उक्त मेशिन बिग्रेर थन्किएको छ भने अर्कोतिर मारसाल कृषि सहकारी संस्थाले उद्‌घाटन गर्न नपाई ड्रायर मेशिन बिग्रिएर थन्किएको छ । दुवै संस्थाले उक्त ड्रायर मेसिन किसानहरुको काममा सहयोग होस् भन्ने उद्धेश्यले खरिद गरेका थिए । तर, दक्ष प्राविधिक नहुँदा शिकारुको भरमा मेशिन चलाउँदा बारम्बार बिग्रिरहने भएपछि मेशिन चलाउन नसकिएको मारसाल कृषि सहकारी संस्थाकी व्यवस्थापक राप्ती राजवंशीले बताइन् । उनी भन्छिन्- ‘मेशिनको पार्टस् बिग्रियो भने नेपालमै पाइदैन, किन्नलाई भारतको हैदरावाद




शहर जानुपर्छ । मेशिन बिग्रिएर बोलाउँदा पनि सप्लायर्स वि.आई. कम माईक्रो सिस्टम कैलाली टिकापुरका ईन्जिनियर पंकज विष्टले प्राविधिक नै पठाउँदैनन् ।’ त्यसैगरी अर्का साना किसान सहकारीका व्यवस्थापक रुपक राजवंशी भन्छन् ‘ यो ड्रायर मेशिन अनसक्सेसफुल मेशिन हो , एउटा पार्टस् बनायो अर्को दिन अर्को पार्टस् बिग्रिहाल्ने । बनाउनका लागि कैलालीबाट प्राविधिक बोलाउँदा खर्च पनि धेरै लाग्ने भएकोले ड्रायर मेशिन चलाउन सकिएको छैन ।’

झापा गाउँपालिका अध्यक्ष शाहको पहलमा आर्थिक वर्ष २०७७-०७८ मा मकै उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषि ज्ञान केन्द्र भद्रपुरबाट ५० प्रतिशत अनुदानमा दुवै कृषि सहकारीले ड्रायर मेशिन प्राप्त गरेका थिए । उक्त ड्रायर मेशिनको बजार मूल्य १७ लाख ६५ हजार रुपैयाँ रहेको छ । झापा गाउँपालिकाले मेशिन खरिदका लागि दुवै कृषि सहकारीलाई २ लाखका दरले सहयोग गरेको थियो । त्यसैगरी एस.एन जेडी संस्था बिर्तामोडले आर्थिक अवस्था कमजोर भएको मारसाल कृषि सहकारी संस्थालाई मेशिन खरिदका लागि १ लाख ९० हजार रुपैयाँ सहयोग गरेको मारसल कृषि सहकारी संस्थाका अध्यक्ष रघु टुडुले बताए । प्रतिघण्टा ८७. ५ मन मकै र धान,गहुँ पनि प्रतिघण्टा ६२.५ मन सुकाउने क्षमता रहेको ड्रायर मेशिन सप्लायर्सका ईन्जिनियर प्रकाश विष्टले बताए ।

ईन्जिनियर विष्टका अनुसार धान , मकै र गहुँलाई ७० डिग्री तापक्रममा तताउने काम गर्छ । ड्रायर मेशिन संचालन गर्नको लागि प्रतिघण्टा १०देखि १२ लिटर डिजलको आवश्यकता पर्छ । उक्त ड्रायर मेशिनलाई विद्युतबाट पनि चलाउन सकिने विष्टले बताए ।




# शिवसताक्षी...

सहयोग गर्ने नीति लिईने छ ।
८.३ लैंगिक विरुद्ध हुने सबै प्रकारका हिंसाको न्यूनिकरणका लागि कार्यक्रम संचालन गरिनेछ ।
८.४ यस नगरपालिकालाई महिला मैत्री नगरपालिकाको रुपमा विकास गर्दै लगिने छ ।
८.५ श्रमिक वर्गको उत्थानका निमित एक सामाजिक सुरक्षा कोषका बजेटको ब्यवस्थापन गर्न थालि सामाजिक सुरक्षा ऐन समेत स्वीकृत भईसकेको हुंदा सो कार्यान्वयको थालनी गरिने छ ।
८.६ वेरोजगार युवाहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम मार्फत स्वरोजगार वनाईनेछ ।
८.७ अति विपन्न वर्गका गर्भवति महिलाहरुलाई प्रसव अवस्थाको समयमा अस्पताल पुर्याउनको लागि निशुल्करुपमा एम्वुलेन्सको व्यवस्था मिलाईनेछ ।

९. **यूवा तथा खेलकुद सम्बन्धि नीति :-**
९.१ युवाको शक्ती नगरको उन्नती अभियान संचालन गरी नगरका विभिन्न कार्यक्रमहरुमा युवाहरुलाई परिचालित गरी वातावरण संरक्षण तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
९.२ यूवाहरु लागु पदार्थको दुर्व्यसनी परि घरपरिवार तथा समाज र जीवननै वर्वाद हुने अवस्था तर्फ गईरहेको देखिएकोले सो न्युनिकरण गर्न यस क्षेत्रमा कार्यरत संघ संस्थाहरु संग सहकार्य गरी दुर्व्यसनी विरुद्धको अभियानलाई निरन्तरता दिईने छ ।
९.३ सुरक्षाकर्मीहरु तथा स्थानीय उद्योग बाणिज्य संघ संग समेत समन्वय गरी २१ वर्ष भन्दा कम उमेरका ब्यक्तिहरुलाई मदिरा, गुट्खा, खैनी, सूर्ती विडि, चुरोट जस्ता स्वास्थ्यमा नकरात्मक प्रभाव पार्ने बस्तुहरु बेच्न विखन गर्न नपाउने तर्फ पहल गरिने छ ।
९.४ मेयर कप, उप मेयर महिला कप, राष्ट्रपति खेलकुद प्रतियोगिता आयोजनागरी खेलकुद सम्बन्धि गतिविधिहरु प्रभावकारी ढंगले अगाडी वढाइने छ । हामी युवा हाम्रो शान एक वडा एक खेलकुद मैदान निर्माण अभियानको रुपमा सवै वडामा विस्तार गरिनेछ ।

१०) **ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका ब्यक्ति सम्बन्धि नीति :-**
१०.१ पूर्ण अपाङ्गता भएका ब्यक्तिहरुलाई व्हील चियरका लागि सम्बन्धित निकायहरु संग पहल गरिने छ ।
१०.२ अपाङ्गता लक्षित आत्म निर्भर कार्यक्रमहरु संचालनमा सहयोग गरिने छ ।
१०.३ सवै वडाहरुमा ज्येष्ठ नागरिकहरुको अनुभव आदन प्रदान तथा जीवन यापनमा सहजता ल्याउन सम्मानीत ज्येष्ठ नागरिक, खुशी नगर कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक भेटघाट तथा सम्मान कार्यक्रम संचालन गरिने छ ।

## ग) पुर्वाधार विकास नीतिः

११) **भौतिक पूर्वाधार सम्बन्धी नीति :-**
११.१ नगरपालिकाका सडकहरुको इन्भेन्टरी (Inventory)तयार गरी सडकहरुको नामाकरण गरिनेछ ।
११.२ शिवसताक्षी नगरपालिकाको एकिकृत शहरी विकास योजना (Integrated Urban Development Plan) लाई प्रभावकारी कार्यान्वयन गरिने छ ।
११.३ नगर गौरवको योजनाको रुपमा रहेको नगर रिङ्गरोडलाई कालो पत्रे गर्ने कार्यलाईतिव्रताका साथ अगाडी बढाईने छ ।
११.४ नगरका विभिन्न क्षेत्रहरुबाट नगरपालिका केन्द्र व्याङ्गडाँडा जोड्ने सडकहरुलाई ट्रंक रोडको स्तरौंन्नती कार्यलाई निरन्तरता दिइनेछ ।
११.५ नगर भित्रको झिलझिले बजारको पूर्व पश्चिम लोकमार्ग उत्तर इलाका प्रहरी कार्यालय पूर्वको जमिनमा एक नगर स्तरीय बस पार्कको निर्माण कार्य प्रारम्भ गरिने छ ।
११.६ जहां अभर , त्याहाँ नगर भन्ने मुलमन्त्रका साथ सडकहरुको नियमित मर्मत संभार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ॥
११.७ नगर नागरिक साझेदारी कार्यक्रम न्यूनतम ७०/३० को साझेदारीमा कार्यपालिकाको निर्णयानुसार कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
११.८ वडा नं.९ र १०को वडा कार्यालयका निर्माणाधिन भवनलाई आगामी आ.व.मा सम्पन्न गरिनेछ र वडा नं ८ वडा कार्यालय भवनको सम्भाव्यता अध्ययन तयार गरिनेछ ।
११.९ अधुरो अवस्थामा रहेको पुल, कल्भर्ट, भवन, जस्ता योजनाहरुलाई सम्पन्न गरिने छ ।
११.१० नगरका मुख्य हाट बजारमा टहरा निर्माण, ड्रेन निर्माण गरी व्यवस्थित गरिनेछ ।
११.११ नगरका पर्यटकिय क्षेत्र, बस पार्क समेतका योजनाहरु PPP मोडेलमा संचालन गर्ने कार्यको थालनी गरिने छ ।
११.१२ सडकको क्षेत्राधिकार भित्र रहेको विद्युत पोलहरु स्थानान्तरण गर्न विद्युत प्राधिकरण संग सहकार्य गरिने छ ।
११.१३ नगरका वडा कार्यालय, चौबाटो तथा नगर सिमानामा जानकारीमूलक सूचना होर्डिङ्ग बोर्ड राखिनेछ ।
११.१४ नगरका पर्यटकिय क्षेत्र दोमुखा जाने बाटोलाई कालो पत्रे गर्ने कार्यको थालनी गरिनेछ ।
११.१५ नगर यातायात गुरुयोजना (MTMP) लाई अध्यावधिक गरिनेछ ।
११.१६ अति आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण कार्यको लागि सहकार्य गरिनेछ ।
११.१७ हाम्रो नगर उज्यालो शहर कार्यक्रमको शुरुवात गरी प्राथमिकताका आधारमा नगरका वजार,चोक,पर्यटकिय तथा धार्मिक स्थल तथा वस्तीहरुमा सडक वत्ती जडान गर्ने कार्यको थालनी गरिनेछ ।
१२ नगरक्षेत्र भित्र सिँचाईको विकासका लागि निम्न नीति अंगीकार गरिनेछः:
१२.१ कन्काई सिँचाई अन्तर्गत रहेको नहर तथा कुलोहरुको नियमित मर्मत संभारमा समन्वय गरिनेछ
१२.२ नहर र कुलोको क्षेत्राधिकार भित्र नीजि भौतिक पुर्वाधार निर्माण तथा वृक्षारोपणमा रोक लगाईने र क्षेत्राधिकार भित्र रहेका रुख विरुवा एवं घर टहरा हटाउने कार्यमा समन्व्य गरिने छ ।
१२.३ नहर क्षेत्र वरिपरी प्लटिङ्गमा रोक लगाउने कार्यलाई निरन्तरता दिईने छ ।
१२.४ बनियानी, डुडामारी, लेलिया खोलाबाट सिचाई सुविधा पुरयाउन पहल गरिने छ भने सिंचाई नपुगेका क्षेत्रमा स्यालो ट्यूवेल र साना सिंचाई कार्यक्रम संचालन गरि सिंचित क्षेत्रध विस्तारमा निरन्तरता दिईने छ ।
१३. **भवन तथा शहरी विकास नीति :-**
१३.१ नक्शा स्वीकृत गरेर मात्र भवन निर्माण गर्ने कार्यलाई कडाईका साथ लागु गरिने छ ।
१३.२ नक्सा स्वीकृत नगरी घर निर्माण गरेमा दण्ड र जरिवानाको व्यवस्था गरिने छ । यस्का लागि निरन्तर अनुगमनको ब्यवस्था मिलाईने छ ।
१३.३ ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।
१३.४ प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खुला स्थान आदिको व्यवस्था सहित नगरपालिकामा दर्ता हुने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
१३.५ नगरपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरी ब्वस्थापन गरिनेछ ।
१३.६ वडा नं. ११ मा जनता आवास निर्माणको कार्य सम्पन्न भएकोले उक्त भवनहरु घर विहिन नगरबासीहरुलाई हस्तानान्तरण गर्ने कार्य गरिनेछ ।
१३.७ फूसको छाना मुक्त आवास नगरबनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
१३.८ नगरमा रहेका घरहरुलाई घर नम्बर कायम गर्ने कार्यको शुरुवात गरिनेछ ।

१४. **उर्जा तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवर्द्धनमा जोड दिदै निम्न कार्यहरु गरिनेछ :**
१४.१ उज्यालो शिवसताक्षी अभियान : विद्युत प्राधिकरण संग समन्वय गरि नगरका सवै बस्तीहरुमा विद्युत सेवा पुर्याउन पहल गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
१४.२ नगरका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारीत सडक बत्ति जडान गर्ने कार्यको शुरुवात गरिनेछ ।
१४.३ नगरका मुख्य बजार, पार्क तथा पर्यटकिय क्षेत्रहरुमा फ्रि वाईफाई जोन (Free Wifi Zone) को सेवालाई निरन्तता दिईने छ ।
१५ **उपभोक्ता समिति बाट योजनाहरु संचालन गर्दा देहाय अनुसार नगद तथा श्रम सहभागिता अंगिकार गर्ने ।**
१५.१ माटोको कामको हकमा न्युनतम २० % नगद सहभागिता ।
१५.२ बाटो ग्राभ्रेलको हकमा न्युनतम २० % नगद सहभागिता ।
१५.३ रु १० लाख भन्दा कमका कल्भर्ट, ढल, तटवन्धन, धरधरे नियन्त्रण, खानेपानीको भौतिक संरचना निर्माणमा १०% नगद सहभागिता ।
१५.४ सडक कालोपत्रेमा ३० % नगद सहभागिता ।
१५.५ सडक वति साझेदारी कार्यक्रममा १५ % नगद सहभागिता ।
१५.६ महिला मात्र रहेर बनेको उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुमा प्रोत्साहन स्वरुप नगदलागत सहभागिता रकमको २० % छुट दिईने (७०: ३० को योजना वाहेक ) ।
१५.७ पुल, कल्भर्ट, भवन,रिङ्गरोड कालोपत्रे,टायल्स बल्कका योजनाहरु ठेक्का मार्फत संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
१५.८ उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा नगरपालिकको बेरोजगार सूचीमा सूचीकृत रहेका ब्यक्तिहरुलाई प्राथमिकताका साथ कामका सहभागिता गराईनेछ ।
१५.९ नगरक्षेत्र भित्र सडक लगायतका पूर्वाधारको सहज तथा सरल तरिकाबाट निर्माणमर्मत संभार गर्न तथा नगरपालिकाको आम्दानी समेत वृद्धि गर्न रोलर, ट्रयाक्टर, ट्रीपर परिचालित छन् । सम्भव भएसम्म नगरका साधनहरु उपयोग गर्न लगाई उल्लेखीत साधनहरुको समुचित प्रयोग तथा उचित व्यवस्थापन गरिनेछ ।
१५.१० ७०/३० लागत सहभागिताकोनगर नागरिक साझेदारी योजना वाहेक रु २० लाखसम्मका योजनाहरु उपभोक्ता मार्फत संचालन गर्न सकिनेछ भने हेभि मेशिनरी सामाग्री प्रयोग हुने योजनाहरु ठेक्का मार्फत संचालन गरिनेछ ।
१५.११ विधालय भवन जस्ता सरकारी भवन निर्माण गर्दा ५ प्रतिशत मात्र लागत सहभागिता।
१५.१२ शिपमूलक तथा आयमूलक तालिमको हकमा १० प्रतिशत लागत सहभागिता ।

## घ) वन, वातावरण तथ विपत व्यवस्थापन नीतिहरू :-

१६ **वन तथा भु-संरक्षणः-**
१६.१ वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धिमापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
१६.२ एक नगरवासी एक फलफूलको वोट नीति अंगिकार गर्दै नागरिक परिचालनको माध्याम बाट नगर क्षेत्रभित्रका खाली जमिन, नदि किनार तथा सडक किनारमा बृक्षारोपण गरिने छ ।
१६.३ वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँट गर्ने व्यवस्था मिलाउने तथास्थानीय जनताको आधारभुत आवश्यकताहरु (काठ, दाउरा, घाँस, स्याउला) को आपुर्ति व्यवस्थापनलाई सहजबनाउन सरोकारवालाहरु सँग सहकार्य गरिनेछ ।
१६.४ नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधिय गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुखविरुवाहरु नगर र संघ संस्थाको सहकार्यमा रोप्ने तथा संरक्षण गरिनेछ ।
१६.५ नगर क्षेत्रमा रहेका ताल तलैया सिमसार क्षेत्रहरुमा भएका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै पर्या पर्यटकिय क्षेत्रको रुपमा विकास गरिने नीति लिईनेछ ।
१६.६ नगर क्षेत्रमा रहेका कमल कन्काई तथा अन्य खोलाहरुको तटबन्धनका लागि सम्बन्धित निकायहरुसंग समेतसहकार्य गरी तटवन्धनको कार्य गरिने छ ।
१६.७ वातावरण संरक्षण कोषलाई ब्यबस्थित गर्न नगरपालिकाले आवश्यक कार्यविधि बनाईने छ ।
१६.८ सामुदायिक वन तथा रतुवामाई वृक्षारोपन आयोजनासंगको सहकार्यमा जडिवुटी रोपन तथा फलफूल रोपनकार्य प्रारम्भ गरिनेछ ।

१७ **वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीति :-**
१७.१ विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ
१७.२ वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा सम्वद्ध सबै पक्षहरु सँग समन्वय र साझेदारी गर्दै यस नगरपालिकालाई वातावराण मैत्री नगरपालिकाको रुपमा विकास गरिने छ ।
१७.३ एक घर दुई फलफूलका विरुवा कार्यक्रमलाई अभियानका रुपमा अघि वढाईनेछ ।
१७.४ वातावरण संरक्षण गर्न कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरिनेछ ।
१७.५ एक वडा एक उद्धान नीतिलाई अंगिकार गरी निर्माणका लागि सम्भाव्यता अध्ययन गरी जग्गा प्राप्तिकालागि पहल गरिनेछ ।
१७.६ जैविक विषदीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रसायनिक विषादी माथि न्युनिकरणगर्दै लगिने छ ।
१७.६ नदि,खोलाहरुमा विष हाली तथा करेन्ट लगाई माछा मार्ने कार्यलाई निषेध गर्दै यस्तो कार्य गर्नेलाई कानुनीकार्यवाहीको दायरामा ल्याइनेछ ।
१७.७ स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य गरिनेछ ।
१७.८ स्थानीय तहमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्ने सम्बन्धी कार्य गरिने ।
१७.९ स्थानीय वातावरणीय प्रयासहरु र संस्थाहरुबीचको सम्बन्ध, सहयोग र समन्वय कायम गर्ने सम्बन्धी कार्य गरिने ।

१८ **फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति :-**
१८.१ नगर क्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१८.२ घरभित्रको फोहर घरभित्रनै व्यवस्थापन गर्न कम्पोष्टविन उपलब्ध गराई कम्पोष्ट मल बनाउन आवश्यकतालिम सहित अभिप्रेरित गरिनेछ ।
१८.३ दिर्घकालिन फोहरमैला व्यवस्थापनका लागि शिवसताक्षी न.पा. ७ नगरमा ल्याण्ड फिल्ड साईट निर्माण कार्य प्रभावकारी रुपमा अगाडी वढाईनेछ ।
१८.४ फोहर ब्यवस्थापनका सम्बन्धमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
१८.५ नगर क्षेत्रको फोहोर व्यवस्थापनमा स्थानीय जनता तथा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमासार्वजनिक-निजी साझेदारीका लागि पहल गरिनेछ ।
१८.६ फोहर ब्यवस्थापनमा खटिने जनशक्तिको स्वास्थ्य तथा सेवामा ध्यान दिईने छ ।
१८.७ फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा समन्वय र सहजिकरण सम्बन्धी कार्य गरिने ।
१८.९ स्थानीय स्तरमा वातावरण प्रदूषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरु निर्धारण तथा सोको कार्यान्वयनमा सहजिकरण र अनुगमन गर्ने सम्बन्धी कार्य गरिने ।

१९. **विपत व्यवस्थापन सम्बन्धी नीति :-**
१९.१ प्राकृतिक तथा गैर प्राकृतिक विपद, भूकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर, कोरोना, हैजा, वर्डफ्लु, डेंगु, फौजिकिरा, सलहकिरा, जंगली हात्ती समेत अन्य बन्य जन्तुबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपत व्यवस्थापन कोष, विपत्त पुर्व तयारी योजना र विपतप्रतिकार्य योजनाको ब्यवस्थापन गरि कार्यान्वयन गरिनेछ ।
१९.२ संघ तथा प्रदेश सरकार संग समन्वय गरी नगर क्षेत्रका कन्काई, कमल, बनियानी, सतासी, दुधे, मक्कलडुबबा, डुडामारी, झर्ना, लेलिया, झिलझिले, सिंगारी, भालुखोला, हुन्डुंगे, सरदारे लगायतका खोलाहरुमा तटबन्धनकोकार्यका लागि पहल गरिने छ । सो का लागि अन्य सहयोगी संघ संस्थाको समेत सहयोग लिईने छ ।

१९.३ विपत जोखिम क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुमा जोखिम न्यूनिकरण सचेतना कार्यक्रम संचालन गर्दै प्रत्येकवडामा Response Team तयार गराउँदै लगिनेछ । एक वडा एक विपदसुरक्षित स्थल किटान गरी निकटभविष्यमा आवश्यक पूर्वाधार विकास गर्दै लगिनेछ ।
१९.४ नगरमा दमकलको व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।
१९.५ दुर्घटना न्यूनिकरण गर्न दुर्घटना वढी हुने क्षेत्रमा ट्राफिक सांकेतिक चिन्हहरु (होर्डिङ्ग वोर्ड) राखी सचेतगराईनेछ ।
१९.६ विपत पिडितलाई राहातको ब्यवस्था मिलाईने छ ।
१९.७ विपद् जोखिमको बुझाई अभिबृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।
१९.८ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम मैत्री शासनको सुदृढीकरण गर्ने ।
१९.९ वपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापसँग एकाकार गर्दै समग्रविकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।
१९.९ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरि उत्थानशीलता अभिबृद्धिगर्ने
१९.२० विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास एवंविस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
१९.२२ ँअझ राम्रो र अझ बलियो (Build Back Better) अवधारणा अनुरुप विपद् पश्चातको पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने ।

२०. **खानेपानी तथा सरसफाई सम्बन्धी नीति :-**
२०.१ सबै नगरबासीलाई आधारभूत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्यसम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।
२०.२ शिवसताक्षी नगरपालिकाका सबै वडाहरुलाई पूर्ण सरसफाईको लक्ष्य हासिल गर्न विभिन्न संघ संस्थाहरु संगसमेत सहकार्य गर्दै योजनावद्ध रुपमा कार्यक्रमहरु संचालन गरिने छ ।
२०.३ नगरका बजार क्षेत्ररुको नियमित रुपमा सरसफाईका लागि सम्बन्धित बजार ब्यवस्थापन समितिहरुलाईपरिचालन गरी सरसफाई शुल्कको निर्धारण गरी पूर्ण सरसफाई गरिनेछ भने सार्वजनिक स्थल तथा बजारमारहेको अधुरो सार्वजनिक शौचालय निर्माण सम्पन्न गरी प्रयोगमा ल्याइनेछ ।
२०.४ संघ तथा प्रदेश सरकारको समन्वय तथा साझेदारीमा नगरका विभिन्न स्थानहरुमा ओभरहेड खानेपानीआयोजना निर्माण गरि सबै बस्ती/टोलहरुमा स्वच्छ र सफा खानेपानी आपूर्तिमा पहल गरिने छ ।
२०.५ सामुदायिक कुकुरहरुका कारण घरपालुवा जनवारको क्षति हुन थालेको कारण उक्त कुकुर हरुको नियन्त्रणकालागि बन्ध्याकरण र रेविज खोपको लागि ब्यवस्था मिलाईने छ ।

## ङ) सुशासन तथा संस्थागत विकास नीतिहरू

२१) **वित्तिय व्यवस्थापन नीतिः**
२१.१ नगरपालिकाको आम्दानी र खर्चको लेखाङ्कन कम्प्यूटराइज्ड विधिबाट संचालन गरिएको र चालु आर्थिक वर्ष देखि योजनाको सफटवेयर र नेपाल सरकारवाट स्वीकृत कोष लेखाङ्कन प्रणाली SUTRA को प्रयोग गरिएकोमा सोलाई निरन्तरता र ब्यवस्थित गर्दै विद्युतीय भुक्तानी प्रणाली क्रमशः प्रयोग ल्याईनेछ ।
२१.२ सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्नेवार्षिक खरिद योजना निर्माण गरी सो बमोजिम खरिद गर्ने कार्यलाई ब्यवस्थित गरिने छ ।
२१.३ प्रत्येक महिना नगरपालिकाको आम्दानी र खर्चको विवरण सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाईने छ ।
२१.४ जनप्रतिनिधि तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना संचालन, फरफारक जस्ता विषयमा क्षमता अभिवृद्धि गरिने गरिएको भएतापनि अझै प्रभावकारी नहुँदा योजना सञ्चालन,फरफारक समेतमा धैरै समय लाग्ने, आवश्यक कागजात पुरयाउन समस्या भई सेवाग्राहीहरु मर्कामा परेको पाईएकोले योजना सञ्चालन गर्नु पूर्व तालिमको आयोजना गरिने छ ।
२१.६ नगरपालिकाको वित्तिय तथा भौतिक प्रगति प्रतिवेदन चौमासिक रुपमा सार्वजनिकीकरण गर्ने ब्यवस्था मिलाईने छ ।
२२) **राजश्व परिचालन, आर्थिक उत्प्रेरणा सम्बन्धी नीति : -**
२२.१ मैले तिरेको कर मेरै नगर विकासका लागि भन्ने आम करदातालाई महसुस हुने गरी सेवा प्रवाह गरिनेछ । करको दायरामा नआएका करदाताहरुलाई उद्योग बाणिज्य संघ, स्थानीय बजार ब्यवस्थापन समिति, टोल विकास संस्थाहरुको सहयोग र समन्वयमा करको दायारामा ल्याउन अभियान संचालन गरिनेछ ।
२२.२ नगरपालिकाको कर प्रणाली चुस्त र पारदर्शी बनाईने छ ।
२२.३ नगरपालिका क्षेत्रमा स्थापना हुने वित्तिय संस्थाहरु, व्यवसायिक फर्महरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
२२.४ कर प्रशासनलाई प्रभावकारी र ब्यवस्थीत गर्न राज्श्व सुधार योजना तयार गरिनेछ ।
२२.५ बार्षिक रुपमा उत्कृष्ट करदाता छनौट गरि पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

२३) **भूमि व्यवस्थापन नीतिः-**
२३.१ खेती योग्य जमिन प्लटीङ्ग गर्ने , बाझो राख्ने कार्यलाई निरुत्साही गरिने छ ।
२३.२ खेती योग्य जमिन बांझो राखेमा जरिवानाको हुने गरी करको दर कायम गरिने छ ।
२३.३ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको बसोबासबासको ब्यवस्थापनमा हाल सम्म भईरहेको कामलाई राष्ट्रिय भूमि आयोगसंग सहयोग र सहकार्य गरि जग्गाको लालपूर्जा नपाएका नगरबासीहरुलाई लालपूर्जा उपलब्ध गराउने कार्यमा नगरपालिकाको तर्फबाट निरन्तर पहल गरिने छ ।
२३.४ शिवसताक्षी नगरपालिका भीत्र रहेका सार्वजिनक जग्गाहरुको लगत लिई सो जग्गाहरुलाई संरक्षण र उपयोग गर्ने नीति लिईनेछ ।

२४) **आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः-**
२४.१ जिन्सी व्यवस्थापनलाई बैज्ञानिक एवम् पारदर्शी बनाउन सबै प्रकारका स्टोर दाखिलाहरु लाई कम्प्युटर प्रणालीबाट संचालन गर्ने कार्यलाई ब्यवस्थित तथा निरन्तरा दिईने छ ।
२४.२ नियमित आन्तिरिक लेखा परिक्षण गर्ने कार्यका लागि दरबन्दी अनुसारको कर्मचारीको लागि प्रदेश लोकसेवा आयोग समक्ष सिफारिसका लागि माग गरिनेछ ।
२४.४ कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र समयमै बेरुजु फस्यौट गर्ने कार्यलाई ब्यवस्थीत गरिने छ ।
२४.५ लेखा समितिको गठन गरि नगरको आर्थिक पारदर्शिता,वितिय सुसाशन कायम गर्न वेरुजु फर्छयौट कार्यमा प्रभावकारीता ल्याईनेछ ।
२५) **सार्वजनिक सुनुवाई तथा समाजिक परिक्षण नीतिः -**
२५.१ नगरपालिकाको कार्यालयले अर्धबार्षिक वडा कार्यालयले प्रत्येक चौमासिकमा अनिवार्य सार्वजनिक सुनुवाई गर्ने गरिनेछ ।
२५.२ उपभोक्ता तथा ठेक्काबाट संचालित सबै योजनाहरुको खर्चको सार्वजनिकीकरण गर्ने कार्यलाई ब्यवस्थित गरिनेछ ।
२५.३ वार्षिक रुपमा सामाजिक परिक्षण, लैंगिक परिक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२६) **सुचना तथा सञ्चार व्यवस्थापन नीति :-**
२६.१ नागरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरे बमोजिमका सुचनाहरु प्रकाशन गर्ने तथा नागरिकले मागेको सूचना नियम अनुसार प्रदान गरिने कार्यलाई निरन्तरता दिईने छ ।
२६.२ छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि नगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. (SMS) मार्फत सुचना प्रवाह गर्ने कार्यलाई निरन्तरता र सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्थालाई प्रोत्साहित गरिने छ ।

२६.३ वडा कार्यालय तथा नगरपालिकाको कार्यालयक सुचना सम्प्रेषण, गुनासो व्यवस्थापन, सेवाप्रवाह, आदिको सहजताका लागि वडा तहमा सम्बन्धीत वडाका वडाध्यक्ष र नगरपालिकामा गुनुसो सुन्ने अधिकारी तोकी ब्यवस्थीत गरिनेछ ।
२६.४ नगरका विकास गतिविधिहरुलाई टि. भी., रेडियो, पत्रपत्रिका,Facebook मार्फत सूचना प्रवाह गरी नगरवासीहरुलाई निरन्तर सूसुचित गरिनेछ ।

**२६.५** सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाह गर्न हेल्प डेस्क तथा नागरिक सहायता कक्ष स्थापना गरिनेछ ।
२७) **न्याय सम्पादन नीतिः-**
२७.१ नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जन उत्तरदायी न्याय प्रणाली स्थापित गर्ने कार्यमा भईरहेको कार्यलाई अझ व्यवस्थित गरिनेछ ।
२७.२. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा वडाध्यक्ष वा निजले तोकेको कुनै वडा सदस्यको संयोजकत्वमा १ महिला सदस्य र १ खुला सदस्य सहितको ३ सदस्यीय मेलमिलाप समिति (केन्द्र) गठन गरी सो मेलमिलाप समितिलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी स्थानिय स्तरमा उठेका विवादहरुलाइ मेलमिलापको माध्यमबाट मिलाउन प्रभावकारी बनाईने कार्यलाई निरन्तरता दिईने साथै मेलमिलाप समिति,न्यायिक समितिका पदाधीकारीहरुलाई ।
२७.३ नगरपालिका तथा न्यायीक समितिको न्याय प्रणालीलाई सरल, सहज, कमखर्चिलो र सर्वसाधारणको पहुच योग्य वनाईने छ ।
२७.४ न्यायीक ईजलाशको ब्यवस्था सहित न्यायीक समिति र वडा मेलमिलाप समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।
२८. **सुरक्षा व्यवस्थापन सम्बन्धी नीति :-**
२८.१ जनता सुरक्षा कार्यक्रमको रुपमा नेपाल प्रहरी/ट्राफिक प्रहरीसँगको समन्वय तथा सहकार्यमा प्राथमिकताका अधारमा नगरका मुख्य चोकहरु माईधार,दुधे, झिलझिले , डुडामारी ,धरमपुर ,मंगलवारे ,पारावारी ,बोलोचौक,जनता र शिवगञ्जमा सिसि क्यामेरा राख्ने कार्यको थालनी गरिनेछ ।
२८.२ दरवन्दी अनुसार नगर प्रहरीहरुलाई वजार अनुगमन,प्राकृतिक स्रोत संरक्षण तथा दमकल संचालन कार्यमा परिचालन गरिनेछ ।
२८.३ सामुदायिक प्रहरी साझेदारी कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२९) **सार्वजनिक सेवा तथा क्षमता विकास नीति :-**
२९.१ पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना तयार गरी सो वमोजिम विभिन्न तालिमका कार्यक्रम संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२९.२ नगरपालिकाका वडा कार्यालयहरु सामुदायिक विधालयहरु र स्वास्थ्य केन्द्रहरुमा E–attendance व्यवस्थित गरिने छ ।
२९.३ सेवा प्रवाह तथा कार्य सम्पादनमा गुणात्मक रुपमा सुधार गर्न विधुतीय शासन प्रणाली लाई विगत आर्थिक वर्ष देखि सबै वडा कार्यालयहरु तथा विषयगत शाखाहरुमा लागु गरिएको छ Internet सेवालाई नगरपालिका केन्द्रसंग Networking लाई प्रभावकारी ढंगवाट कार्यान्वयन भईरहेको छ । यस कार्यलाई निरन्तराता दिईने छ ।
२९.४ नगरपालिका वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा कम्प्यूटराइज विलिङ्ग सिस्टम लागु भईसकेको छ । एकिकृत सम्पति कर,व्यवसाय कर तथा अन्य कर तथा दस्तुरहरु जुनसुकै कार्यालयबाट तिर्न सक्ने व्यवस्थालाई अझ व्यवस्थित बनाइने एवं विधुतिय प्रणालीबाट आ-आप्नै घरबाट कर दस्तुर बुझाउने ब्यवस्थाका अध्ययन गरिनेछ ।
२९.५ मापदण्ड वनाई दक्ष ईमान्दार तथा अनुशासित कर्मचारी र उत्कृष्ट कार्य सम्पादन गर्ने वडालाई सम्मान तथा पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।
२९.६ न.पा.तथा वडा कार्यालयमा कार्यरत कर्मचारीको परिवारको सदस्य (आमा,बुवा, पति/पत्नि,छोरा/छोरी तथा महिला कर्मचारीहरुको हकमा सासु/ससुरा मात्र) को मृत्यु भएमा किरिया खर्च वापत रु २५,०००।०० उपलब्ध गराउने र स्वंय वहालवाला जनप्रतिनिधी तथा कर्मचारीको निधन भएमा रु ५०,०००।० उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ॥
२९.७ कर्मचारीहरुको विमा वापत वार्षिक प्रिमियमको आधा रकम नगरपालिकाले ब्यहोर्ने कार्यलाई निरन्तरता दिईने छ ।
२९.८ कर्मचारीहरुलाई यस अघि दिदै आएको सेवा सुविधाहरुलाई निरन्तरता दिईने छ तथा आगामी साउन १ गते देखि लागु हुने गरी आधार तलबमा १५ प्रतिशत वृद्धि गरिने छा कर्मचारी कल्याण कोष, सामाजिक सुरक्षा कोषमा आवश्यक रकमको ब्यवस्था गरिने छ ।
२९.९ पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, अभिवृद्धिका लागि आन्तरीक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अध्ययन अवलोकनको कार्यक्रम गरिने छ ।
२९.१० कर्मचारी दरवन्दी र व्यवस्थापन अनुसार प्रदेश लोकसेवा आयोग समक्ष माग आकृती भरी स्थायी कर्मचारी माग गरिनेछ ।
२९.११ नगरपालिकाको कार्यवोझ, जनशक्ति र सेवा प्रवाहलाइ दृष्टिगत गरी विगत वर्ष देखी करार सेवामा कार्यरत कर्मचारीहरुको नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको सेवा करार कर्मचारी कार्यसम्पादन मुल्यांकन कार्यविधि २०७८ को आधारमा नियम बमोजिम सेवा करारको म्याद थप गरिने छ ।

२९.१२ कर्मचारीहरुको सरुवा तथा जिम्मेवारी प्रदान गर्ने कार्यलाई ब्यवस्थित र नियमित गरिने छ ।
२९.१३ तोकिएको समयमा कार्यालयमा उपस्थित नहुने, कार्यालय प्रमुखको अनुमति नलिई कार्यालय नआउने, तोकिएको जिम्मेवारी पुरा नगर्ने, काममा ढिलासुस्ति गर्ने समेतका कर्मचारीको आचरण विपरित काम गर्ने कर्मचारीहरुलाई जिम्मेवारी हेरफेर तथा विभागिय कारवाही गर्ने ब्यवस्था मिलाईने छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### चौतर्फी अर्थमन्त्रीको राजीनामा माग

**यतिबेला चौतर्फी रुपमा अर्थमन्त्री जनार्दन शर्माको राजीनामा माग भएको छ।**

**बजेट संसदमा प्रस्तुत गर्नुभन्दा अगाडि अर्थ मन्त्रालयमा अनधिकृत व्यक्ति प्रवेश गरेर करको दर हेरफेर गरेको घटनालाई लिएर शर्माले अर्थमन्त्री पदमा बसिरहन नैतिक रुपमा नमिल्ने माग उठेको हो। प्रतिपक्षी नेकपा एमालेले उठाएको सो मागप्रति सत्तारुढ गठबन्धन दल नेपाली कांग्रेसले पनि समर्थन जनाउन थालेको छ। एमालेले यति गम्भीर विषयमा प्रश्न उठेपछि अर्थमन्त्री त्यो पदमा बस्नको लागि सक्षम र लायक नभएको बताएको छ। करको विषय ज्यादै गोपनीय विषय हो, राष्ट्रिय सुरक्षा जस्तै विषय हो, राष्ट्रिय स्वार्थको विषय हो। यस्ता गोपनीयताहरु बाहिर सार्वजनिक गर्ने, अझ गोपनियताहरुमा साँठगाँठ र मिलेमतो गर्ने जस्ता कुराहरु गम्भीर अपराध मानिन्छन्। त्यसबारेमा छानबिन हुनुपर्दछ। मन्त्रीले नैतिक हिसाबले त्यो जिम्मेवारीमा बस्न मिल्दैन भन्ने एमालेको भनाई हो।**

**त्यस्तै नेपाली कांग्रेसका महामन्त्री एवं पूर्वमन्त्री गगनकुमार थापाले समेत अर्थमन्त्री शर्माले पदबाट राजीनामा दिनुपर्ने बताएका छन्।**

**सोमबार प्रतिनिधिसभाको बैठकपछि सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै नेता थापाले अर्थमन्त्री जनार्दन शर्माको राजीनामा मागेका हुन्। अर्थमन्त्री शर्माको सम्बन्धमा संसदभित्र र बाहिर प्रश्नहरू उठेकोले राजीनामा दिनुपर्ने उनको भनाइ थियो। अर्थमन्त्रीले स्वेच्छाले राजीनामा नदिएमा प्रधामन्त्रीले पदबाट हटाएर तत्काल छानबिन गर्नुपर्ने थापाले बताए। यस विषयमा छानबिन नगर्ने हो भने गलत नजिर बस्ने भन्दै नेता थापाले अर्थमन्त्रीले बजेट निर्माणको क्रममा अनधिकृत व्यक्तिको संलग्नता रहेकोबारे प्रश्न उठेकोमा जवाफदेही बन्नु पर्ने उनको भनाइ थियो। सोही विषयमा यसअघि पनि विभिन्न नेता तथा स्वतन्त्र अधिकारकर्मीहरूले अर्थमन्त्रीको राजीनामा माग गरिसकेका छन्। अर्थमन्त्री जनार्दन शर्माले बजेट निर्माणमा अनधिकृत व्यक्तिलाई संलग्न गरेको भन्दै उनको चौतर्फी विरोध भएको छ। गलत गरेर अर्थमन्त्री शर्माले पदमा बसिरहन सुहाउँदैन। यदि उनीमा त्यो नैतिकता नरहे प्रधानमन्त्री शेरबहादुर थापाले पदबाट बर्खास्त गर्नुपर्छ। गल्ती गर्ने शर्मासंग सिंगो गठबन्धन सति जान कदापि हुँदैन।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# जनस्तरमा बलियो कांग्रेस



डा. सुरेश आचार्य

स्थानीय तह निर्वाचन २०७९ को अन्तिम नतिजा आउन बाजुराको बूढीगङ्गा नगरपालिकाको मात्रै बाँकी छ। यो नगरको परिणाम जोसुकैको पक्षमा गए पनि नेपाली कांग्रेसलाई सबैभन्दा ठूलो अर्थात् पहिलो दलको रूपमा स्थापित हुन अब कसैले रोक्न सक्दैन। देशभरका पालिकामा जितेको संख्यात्मक आधारमा मात्र नभई कांग्रेसले नगरपालिकाका हिसाबले होस् वा गाउँपालिकाका प्रमुख जितेका हिसाबले होस्, वा कुल वडाध्यक्ष मध्येको विजयमा होस्, कांग्रेस पहिलो पार्टी नै बनेको छ। यति मात्रै होइन, कुल महिला सदस्य वा दलित महिला वा कुल पुरुष वडा सदस्यमा पनि कांग्रेस नै पहिलो पार्टी बन्यो। प्रदेशका हिसाबले पनि हरेक प्रदेशमा कांग्रेस नै पहिलो पार्टी भएको छ। पछिल्लो पटक जिल्ला समन्वय समितिको परिणामले पनि कांग्रेसलाई पहिलो पार्टी बनाएको छ।

त्यसो त २०७४ को स्थानीय तह निर्वाचनमा केही छिटफुट गठबन्धनबाहेक कांग्रेस एक्लै निर्वाचनमा गएको थियो र पनि परिणाम साह्रै कमजोर थिएन। २०७४ मा १०५ नगरपालिका र १६१ गाउँपालिका गरी कांग्रेसले २६६ पालिकामा नेतृत्व पाएको थियो। कांग्रेसले त्यसबेला जितेको पालिका प्रतिशतमा करिब ३५ थियो। यस पटक १४१ नगरपालिका र १८८ वटा गाउँपालिका गरी ३२९ (करिब ४४ प्रतिशत) स्थानीय तहमा कांग्रेसले विजय प्राप्त गरेको छ। कांग्रेस यस पटक दोस्रो बनेको छ भने त्यो उपप्रमुख/उपाध्यक्षमा मात्रै हो। गठबन्धनबीचको भागबण्डाका कारण काँग्रेसले ६३२ पालिकामा प्रमुख र ५३४ पालिकामा मात्र उपप्रमुखमा उम्मेदवारी दिएको थियो। र, यस पटक सबैभन्दा बढी मतपत्र उपप्रमुखमै बदर भएका थिए। यी दुवै कारण कांग्रेसले उपप्रमुख र उपाध्यक्षमा दोस्रो बन्दै गर्दा पनि ३०० पालिकामा विजय प्राप्त गरेको छ। राजनीतिक दलहरूबीच एकातिर गठबन्धन अर्कातिर अनुकूलताअनुसार जुन कुनै पार्टीसँग तालमेल भएका कारण एउटा पार्टीले स्थानीय तह निर्वाचनमा कति मत ल्यायो भनेर आकलन गर्न सहज छैन। तथापि, सबैभन्दा कम तालमेल भएको पद वडाध्यक्षमा पाएको मतले पार्टीको हाराहारी मतलाई प्रतिनिधित्व गर्न सक्छ। यसलाई आधार मान्ने हो भने कांग्रेसका उम्मेदवारले प्राप्त गरेको मतको आधारमा समेत नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ र उसले प्राप्त गरेको मत बदर कटाएर ३३.६७ प्रतिशत छ। यद्यपि, वडा तहमा पनि कांग्रेसले सबै वडाध्यक्षमा उम्मेदवारी दिएको थिएन। वडाध्यक्षमा मात्रै पनि खसेको मतको ८.२६ प्रतिशत मत बदर भएको छ। यति हुँदा पनि कांग्रेसका वडाध्यक्षका उम्मेदवारले ३८ लाख ८३ हजार १३८ मत पाएका छन्। यो मत भनेको प्रतिपक्षी दल नेकपा एमालेका वडाध्यक्षका उम्मेदवारले पाएको मतभन्दा एक लाख ७५ हजार ०७६ मतले बढी हो।

**गठबन्धनका लाभ**

कांग्रेसले गठबन्धनका आधारमा निर्वाचन २०९ पालिकामा निर्वाचन लडेको थियो, त्यसमध्ये १२८ प्रमुख-अध्यक्षमा विजय प्राप्त गरेको छ। यो विजय उम्मेदवारीको प्रतिशत ६१ हो। यसैगरी, उपप्रमुख/उपाध्यक्षमा ११५ उम्मेदवारी दिएकोमा ८५ जनाले जितेका छन्। उम्मेदवारीका हिसाबले यो ७४ प्रतिशत विजय हो। गठबन्धन बिना नै कांग्रेसले ४२३ पालिकामा प्रमुख र अध्यक्षमा उम्मेदवारी दिएकोमा २०१ अर्थात् झन्डै ४८ प्रतिशतले विजय प्राप्त गरे। उपप्रमुख र उपाध्यक्षमा कांग्रेसले एक्लै दिएको ४१९ उम्मेदवारीमा २१५ ले जित्न सके। यो ५२ प्रतिशत सफलता हो। यस पटक पनि एक्लै लड्दा कांग्रेस कमजोर देखिएको छैन। जहाँ एक्लै लड्यो, त्यहाँ पनि आधाआधीमा कांग्रेसले जितेकै छ तर गठबन्धनबीचको उम्मेदवारीमा भएको विजय दुईतिहाइको हाराहारीमा छ। गठबन्धनको औचित्य नदेख्ने कांग्रेसका लागि यो तथ्यले वास्तविकता झल्काइदिएको छ।

**बदर मतपछिको बलियो**

यस पटक धेरै मत बदर भए। उम्मेदवार नै नभएका चुनाव चिह्न राखेर मतदातालाई झुक्याउने काममा मतपत्र निकै सहयोगी बने। यो निर्वाचनमा प्रमुख र अध्यक्षमा कुल एक करोड २५ लाख ७३ हजार ८ मत खसेकामा प्रमुखमा ११.३४ प्रतिशत र अध्यक्षमा ९.७ प्रतिशत मत बदर भए। यस्तै उपप्रमुख र उपाध्यक्षमा गरी कुल एक करोड २५ लाख ६६ हजार ७१६ मत खसेकोमा १८.२३ र उपाध्यक्षमा १४.०८ प्रतिशत गरी कुल २० लाख ८६ हजार ७७९ मत बदर भए। वीरगञ्ज महानगरपालिकामा उपप्रमुखमा त ४६.६६ प्रतिशत बदर हुन पुग्यो। कुल सदर मतमा कांग्रेसले प्रमुख/अध्यक्ष पदमा ३७ लाख ३० हजार ४९८ र उपप्रमुख र उपाध्यक्षमा २७ लाख ७५ हजार ३८ मत प्राप्त गरेको छ। यसरी सदर मतका आधारमा कांग्रेसले प्राप्त गरेको मत प्रमुख र अध्यक्षमा ३३.२२ प्रतिशत मत पाउन सफल रह्यो। वडाध्यक्षमा कांग्रेसका उम्मेदवारले कुल ३८ लाख ८३ हजार १३८ मत पाएका छन्। सदर मतमध्ये कांग्रेसले पाएको यो मत ३३.६७ प्रतिशत हो। दलगत आधारमा यी सबै मतले कांग्रेसलाई पहिलो र बलियो पार्टी बनाएको छ। यसरी सबै पालिकामा र पालिकाका सबै पदमा उम्मेदवारी नदिँदै गर्दा पनि कांग्रेसले एकतिहाइ भन्दा बढी जनमत आफ्ना पक्षमा कायम राख्न सकेको छ।

**प्रदेशमा पहिलो**

प्रदेशगत आधारमा पनि प्रमुख र उपप्रमुख पदमा कांग्रेस सात वटै प्रदेशमा पहिलो दल बनेको छ। बागमती र कर्णाली प्रदेशमा कांग्रेस एमालेभन्दा दोब्बर उम्मेदवार विजयी बनाउन सकेको छ। बागमतीमा कांग्रेसका ५८, एमालेका २५ र कर्णालीमा कांग्रेस ३२, एमालेका १५ जना विजयी भएका छन्। सबैभन्दा कम फरक परेको गण्डकी प्रदेशमा कांग्रेसका ३६ र एमालेका ३५ प्रमुखले विजय प्राप्त गरेका छन्। यीबाहेक प्रदेश १ मा कांग्रेसका ७०, एमाले ४७, मधेश प्रदेशमा कांग्रेसका ४५, एमालेका ३०, लुम्बिनी प्रदेशमा कांग्रेसका ४८, एमाले २७ र सुदूरपश्चिममा कांग्रेसका ४० र एमालेका २५ स्थानीय तहमा विजयी भएका छन्।

**गुमाएर पनि पहिलो**

२०७४ सालको स्थानीय निर्वाचनमा जितेका २६६ पालिकामध्ये २०७९ को निर्वाचनमा काँग्रेसले १२६ पालिका गुमाउन पुग्यो। अर्थात्, १४० पालिकामा मात्रै पुरानो वर्चस्व कायम राख्न सक्यो तर २०७४ मा प्रमुख वा अध्यक्षमा विजय पाउन नसकेका १८९ पालिकामा कांग्रेसले यो निर्वाचनमा विजय प्राप्त गरेको छ। बाँकी २८९ पालिकामा भने काँग्रेसले २०७४ र २०७९ दुवै निर्वाचनमा आफ्नो विजय झण्डा फहराउन सकेन। यसको कारण कतिपय पालिकामा यस पटक गठबन्धनका कारण उम्मेदवारी नै दिन पाएन भने बाँकीमा कांग्रेसले फेरि पनि पराजय बेहोर्नु पर्‍यो।

**सरकार सफल**

संविधानको पालना र कार्यान्वयन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने मुख्य दायित्वका साथ कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा २०७८ साल असार २९ गते पाँच दलीय गठबन्धनको सरकार बनेको हो। संविधानको मर्म र भावनालाई कुल्चिँदै अधिनायकवादी, स्वेच्छाचारी र अहङ्कारी प्रवृत्तिले मुलुकको लोकतन्त्रमाथि धावा बोलिरहेको अवस्थामा त्यो अराजनीतिक प्रवृत्ति र चरित्रका विरुद्धको जगमा यो सरकार गठन भएको हो। यो परिवेशमा वर्तमान सरकारको मूल ध्येय जननिर्वाचित प्रतिनिधिहरू रहेको संविधान सभाबाट जारी भएको नेपालको संविधानलाई ठीक ढङ्गमा अगाडि बढाउँदै सङ्घीय शासन पद्धतिलाई सुनिश्चित गर्नु पनि हो।

२०७४ साल वैशाखमा स्थानीय तहको निर्वाचन प्रारम्भ भएको सन्दर्भमा यसको ठीक पाँच वर्षपछि २०७९ बैशाखमा स्थानीय तहको निर्वाचन गराउनु यो सरकारको संवैधानिक दायित्व थियो। त्यसअनुरूप कांग्रेस नेतृत्वको गठबन्धन सरकारले स्थानीय तहको निर्वाचन सम्पन्न गरेर एउटा महत्वपूर्ण जिम्मेवारी पूरा गरेको छ। यो आवधिक निर्वाचनले लोकतान्त्रिक प्रणाली सुदृढ हुँदै गएको सन्देश दिएको छ। कांग्रेसले अन्य राजनीतिक दलहरूसँग समन्वय गरी राष्ट्रिय चुनौती सम्बोधन गर्ने सामर्थ्य देखाएको छ। यो निर्वाचन सम्पन्न भएसँगै प्रादेशिक र संघीय संसद्को निर्वाचनलाई निश्चित समयमा सम्पन्न गरी संविधानको पूर्ण कार्यान्वयन गर्ने जिम्मेवारी अझै कांग्रेस नेतृत्वको सरकारमा रहेको छ। मुलुकमा लोकतान्त्रिक शासन पद्धतिको प्रत्याभूत गरी प्रतिगामी तथा अधिनायकवादी चरित्रलाई परास्त गर्नु सरकारको मुख्य ध्येय थियो। तसर्थ स्थानीय तहमा कांग्रेस विजयी भएको परिस्थिति र आधार तयार भएको अवस्थामा पनि गठबन्धनको औचित्य समाप्त नभएको निष्कर्षमा कांग्रेस पुग्यो तर पार्टीको आफ्नो अस्तित्व रक्षासमेत गर्दै स्थानीय अवस्था र आवश्यकताअनुरूप सत्तारुढ गठबन्धनमा रहेका पाँच राजनीतिक दलबीच तालमेल गर्न सक्ने नीति पार्टीले लिएको थियो। कांग्रेसको यो रणनीतिले यस पटक राम्रो सफलता हात पारेको छ। निर्वाचनका अनेकौं कमजोरीमा बीच प्राप्त भएको यो विजयको जगमा कांग्रेसले फेरि पहिलो र बलियो पार्टीका रूपमा आगामी प्रदेश र संघीय संसद् निर्वाचनमा आफूलाई स्थापित गर्ने चुनौती पूरा गर्न बाँकी नै छ।

# युरोपको युक्रेन, एसियाको नेपाल



• ध्रुवहरि अधिकारी

पूर्वी युरोपमा अवस्थित फराकिलो भौगोलिक परिवेश भएको मुलुक युक्रेन र दक्षिण एसियाको सानो भूखण्ड ओगटेर बसेको नेपाल। यी दुईबीच सोझो सम्बन्ध वा सम्पर्क हुने सन्दर्भ केही अघिसम्म थिएन। अहिले नै पनि द्विपक्षीय सम्बन्धको सार्थक विकास हुन बाँकी छ। सन् १९९१ मा सोभियत संघ विघटन भएयताको इतिहास मात्र नियाल्दा चाहिँ दौत्य सम्बन्धको यस स्थितिलाई सामान्य भन्नुपर्छ।

गएको फागुन (२४ फेब्रुअरी २०२२)मा युक्रेनमा रुसी सेना पसेर त्यस मुलुकलाई तहसनहस पार्न थालेपछि त्यो घटना-विकास वैश्विक चिन्ता र सरोकारको मामिला बन्यो। र, विश्वशान्ति र सुरक्षाका लागि सन् १९४५ मा स्थापित संयुक्त राष्ट्रसंघमा युक्रेनउपरको आक्रमण सुरक्षा परिषदमा निरूपणको विषय बन्न पुग्यो तर परिषद्का १५ सदस्यमा मतैक्य हुन सकेन। पाँच स्थायी सदस्यमध्येको रुसले असहमति जनाई 'भिटो' मत प्रयोग गरेको हुनाले लडाइँ रोक्ने मनसुवाको प्रस्ताव स्वीकृत हुन सकेन। रुसी आक्रमणको प्रभावकारी प्रतिवाद गर्ने सैनिक शक्ति युक्रेनसँग नभएको हुनाले जनधनको व्यापक क्षति बेहोर्न युक्रेन विवश छ। हजारौँ मारिएका छन्, लाखौँ विदेशमा शरणार्थी हुन पुगेका छन्। जे होस्, सुरक्षा परिषदमा अवरोध कायम रहुञ्जेल युद्धको निकास ननिस्कने भएपछि युक्रेनको सिकायतलाई सात दिनभित्रैमा महासभा (जनरल एसेम्ब्ली) लगियो, आकस्मिक बैठक डाकेर त्यस प्रस्तावमाथि बहस र मतदान गराइयो। युक्रेनउपरको आक्रामक गतिविधि तुरुन्त रोक्न र युक्रेनबाट रुसी सेना फिर्ता गर्न आग्रह गरिएको सो प्रस्ताव फराकिलो मतान्तरबाट अर्थात् १४१ मतबाट स्वीकृत भयो। प्रस्तावको पक्षमा मत दिनेमा नेपाल र भुटानलगायतका सदस्य-राष्ट्र थिए। विपक्षमा अर्थात् मास्कोको पक्षमा रुस, बेलारुस, उत्तर कोरिया, सिरिया र एरिट्रिया उभिए। भारत र चीन समेतका ३५ सदस्य-राष्ट्रले मतदानमा भाग लिएनन्। १२ वटा देशका प्रतिनिधि त सभा भवनमै गएनन्, अनुपस्थित रहे। (मतदानमा सहभागी नहुनु भनेको तटस्थ बस्नुसरह हो।)

**नैतिक दबाब**

राष्ट्रसंघको बडापत्र (चार्टर) अनुसार महासभाको प्रस्ताव सुरक्षा परिषद्को जस्तो बाध्यकारी हुँदैन, नैतिक दबाब दिने प्रकृतिको मात्र हुन्छ। रुसले नैतिक दबाबलाई कुन हदमा महत्व दिन्छ, त्यो बेग्लै कुरो हो। जे भए तापनि विश्व-जनमतको एक ठूलो हिस्सा युक्रेनमाथिको रुसी आक्रमणको विपक्षमा देखिएको विषयलाई मास्कोले सरासर उपेक्षा गर्न गाह्रो छ। सन् २०१४ मा युक्रेनकै भूभाग क्रिमियालाई रुसले हडपेको थियो र त्यसबेला पनि राष्ट्रसंघमा उस्तै प्रकारको मतदानद्वारा रुसी कदमको निन्दा गरिएको थियो।

यसरी आठ वर्षको अन्तरालमा युक्रेनमाथि दुई ठूला संकट आइपरे र दुवैपल्ट विश्वसंस्थाको मञ्चमा नेपालले युक्रेनको पक्षमा आफूलाई उभ्यायो। सिद्धान्ततः नेपालले बडापत्रको प्रावधानअनुसार हरेक साना-ठूला देशले सह-अस्तित्वको प्रत्याभूति पाउनुपर्छ भन्ने मान्यतामा आधारित रहेर आफ्नो राष्ट्रिय हित अनुकूल मतदान गरेको हो तर नेपालको मतबाट तत्कालको लाभ युक्रेनलाई भएको छ। अर्को शब्दमा अन्तर्राष्ट्रियस्तरमा युक्रेनलाई प्राप्त समर्थनमा नेपालको स्पष्ट योगदान रहेको छ। यस तथ्यलाई राष्ट्रसंघमा युक्रेनका प्रतिनिधिले अवश्य जानकारी लिएका होलान्। र, भोलिका दिनमा पारस्परिकताका प्रसङ्ग आउँदा हेक्का पनि गर्लान्।

युक्रेनका बारेमा विश्व संस्थामा बहस-मतदान हुँदा नेपालले रुसको निन्दा हुने प्रस्तावमा मतदान गरेको विषयबारे काठमाडौँको प्रेसमा तर्क-वितर्क देखियो। नेपालले असंलग्नताको नीति छोड्यो भन्ने अवधारणा पनि एकथरि बुद्धिजीवीमा झाङ्गिएको रहेछ; जुन सामाजिक सञ्जालसमेतका माध्यमबाट प्रकट भएको देखियो, सुनियो तर यथार्थमा नेपालले संविधान स्वीकृत परम्परागत बाटो (असंलग्नता) त्यागेको थिएन, होइन। अन्यायको विपक्षमा र न्यायको पक्षमा सशक्त आवाज उठाउनु नै असंलग्नता-निर्देशित पथ हो। सक्रिय असंलग्नताले कुनै सदस्य-राष्ट्रलाई पनि चुपचाप अन्याय सहन गर भन्दैन। असंलग्न आन्दोलनको थालनीयताको घटनाक्रम नियाल्दा यो वास्तविकता छर्लङ्ग हुन्छ। सन् १९५६ मा हङ्गेरीमा सोभियत हस्तक्षेप र सन् १९६८ मा चेकोस्लोभाकियामा मास्कोकै ज्यादतीजस्ता अन्तर्राष्ट्रिय सरोकारका घटना हुँदा नेपालको तर्फबाट (राष्ट्रसंघको मञ्चबाहिर पनि) वक्तव्य र प्रतिक्रिया जारी भएका छन्। अभिलेखहरू केलाउँदा यी सबै कुरा भेटिन्छन्। अफगानिस्तानमा विदेशी फौजको प्रवेश हुँदा होस् अथवा अमेरिकाले ग्रेनेडामा हमला गर्दा होस्, नेपालले सधैँजसो आफ्नो विरोध र असहमति जनाएको छ।

**समझदारीको दृष्टान्त**

सन् १९८३ को अक्टोबरमा क्यारिबियन सागरको टापू-राष्ट्र ग्रेनेडालाई अमेरिकी सैनिकको कब्जामा पारियो। त्यसको केही सातामित्रै राष्ट्रसंघमा त्यसबारे मतदान हुँदा नेपाल ग्रेनेडाको पक्षमा उभियो। यसमा अमेरिकी कूटनीतिज्ञहरूले नेपाली प्रतिनिधिहरूसँग कुनै सिकायत गरेनन्। स्पष्टै छ, तिनीहरूले नेपालको अवस्थिति बुझेका थिए, तसर्थ समझदारी देखाए- एक सन्दर्भमा प्रो. जयराज आचार्यले मलाई सुनाउनुभएको छ। (आचार्य सन् १९९१ देखि १९९४ सम्म संयुक्त राष्ट्रसंघमा नेपालका स्थायी प्रतिनिधि थिए।)

एक अर्को सान्दर्भिक कुरो, सन् १९८३ कै डिसेम्बरमा नेपालका राजा वीरेन्द्रको राजकीय भ्रमण तय भएको थियो। कदाचित अमेरिकीहरू ग्रेनेडाबारेको नेपालको दृष्टिकोणप्रति अप्रसन्न भएको भए कुनै कारण देखाएर राजाको भ्रमण रद्द गराइदिन सक्थे तर त्यसो गरेनन्। समझदारी नै देखाए। भ्रमण सम्पन्न भयो, नेपालको शान्तिक्षेत्र प्रस्तावप्रति पनि अमेरिकीले समर्थन जनाए। बैगुनीलाई गुनले मार्नु भन्ने लोकोक्ति छ। युक्रेनको सन्दर्भमा राष्ट्रसंघमा नेपालले खसालेको ताजा मतले यस लोकोक्तिलाई चरितार्थ गरेको मानिनुपर्छ। यस प्रयोजनका लागि हामीले सन् १९४० को प्रसङ्गतिर पुग्नुपर्ने हुन्छ। मोहनशमशेरको शासनकालमै हो, सन् १९४९ मा नेपालले संयुक्त राष्ट्रसंघको सदस्यताका लागि निवेदन दिएको थियो। सदस्यता खोज्ने यस्ता निवेदन विभिन्न देशबाट सुरक्षा परिषदमा पर्थे र परिषद्ले निवेदन र सम्बन्धित कागजपत्र छानबिन गर्न एउटा समितिमा पठाउँथ्यो। अनि छानबिनपछि त्यस समितिले सदस्यताको सिफारिसपत्र परिषदमा पठाउने चलन थियो।

नेपालको निवदेन पनि त्यही प्रक्रिया पार गरेर सुरक्षा परिषद्मा पुग्यो। ७ सेप्टेम्बर १९४९ का दिन त्यसबारे बहस भयो, वातावरण नेपालको अनुकूल पनि थियो। र, मतदान हुँदा नेपालको पक्षमा नौ मत आयो पनि तर सोभियत संघका प्रतिनिधिले विपक्षमा मत दिए- भिटो प्रयोग गरे। त्यस बखत परिषद्को अस्थायी सदस्य युक्रेनले पनि सोभियत संघकै साथ दियो। यसरी सन् १९४९ मा राष्टंघको सदस्य हुने नेपालको प्रयास विफल भएको थियो। (८ सेप्टेम्बर १९४९ को न्युयोर्क टाइम्स छापामा ठूलै शीर्षक निस्क्यो।) घटनाक्रमले पुष्टि गरेको छ, नेपालको सम्बन्धमा युक्रेनको भूमिका नकारात्मक रह्यो तर यसपालि नेपालले त्यो बैगुनको बदला लिएन। बरु गुन लगाउनु श्रेयस्कर ठान्यो। उस बखत रुसी भिटोले केही विलम्ब त गरायो तर नेपाल राष्ट्रसंघको सदस्यताबाट लामो समय वञ्चित रहनु परेन। वि.सं. २०१२ मङ्सिर (सन् १९५५, १४ डिसेम्बर)मा केही अन्य मुलुकसँगै नेपालले सदस्यता पायो। सन् ७० र सन् ८० को दशकमा गरी दुई पटक सुरक्षा परिषद्को अस्थायी सदस्यको जिम्मेवारी पनि बहन ग-यो।

**परिवर्तित सन्दर्भ**

अचेल देश-काल-परिस्थिति केही बेग्लै छ। युक्रेन संकटग्रस्त अवस्थामा छ। अमेरिकी नेतृत्वको युरोपेली सैनिक सन्धि सङ्गठन (नेटो)ले युक्रेनको सिमानामा नै आएर चुनौती दियो भन्ने अवधारणा राखेर रुसले 'विशेष सैनिक कारबाही' थालेको हो। हप्ता, दस दिनमा युक्रेनलाई तह लगाउँछु र वरिपरिका अन्य देशलाई थर्काउँछु भन्ने राष्ट्रपति पुटिनको योजनाले उल्टो असर पार्दै छ। किनभने दशकौँ तटस्थ रहेका स्विडेन र फिनल्यान्डसमेत अब नेटो पस्ने तयारीमा छन्। युक्रेनलाई पश्चिमा सहयोग निरन्तर छ। त्यसैले त्यसलाई पराजित गरेर रुसमा गाभ्ने पुटिनको उद्देश्य सहजसँग पूरा होला भन्न कठिन छ। लम्बिँदै गएको सशस्त्र द्वन्द्वको असर भने विश्वभर महसुस गरिएको छ। खाद्यवस्तु र इन्धन महँगो हुने र दुर्लभ पनि हुँदै जाने विषयले सर्वत्र चिन्ता बढाएको छ। यसै क्रममा आइलागेको पश्चिमा आर्थिक नाकाबन्दीले रुसलाई पनि पिरोलिइरहेको छ।




# शिवसताक्षी नगरपालिकाको आ.व.२०७९/८० को

# वार्षिक नीति तथा कार्यक्रम



**नरमाया कार्की**

१. स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ को व्यवस्था वमोजिम,शिवसताक्षी नगरपालिकाको जननिर्वाचित उपमेयरको हैसियतले स्वच्छ,समृद्ध नगर एवम् नगरवासीको सुख र समुन्नतीको लागि आ.व.२०७९/८० को नीति तथा कार्यक्रम यस सम्मानित दशौ नगर सभामा प्रस्तुत गर्न पाउदा गौरवान्वीत महसुस गरेको छु ।

२. यस महत्वपूर्ण क्षणमा नेपालको सार्वभौमसत्ता,राष्ट्रिय स्वाधीनता,भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाका लागी भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योग्दानको उच्च मूल्याकंन साथ पुनः स्मरण गर्न चाहन्छु ।

**३** .संघिय लोकतान्त्रिक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचन २०७९ यस नगरपालिकामा पनि शान्तिपूर्वक,भयरहित वातावरणमा सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष,स्वतन्त्र,स्वच्छ तवरमा सम्पन्न गर्न योग्दान गर्नुहुने आम नागरिक,राजनैतिक दल,निर्वाचन आयोग,राष्ट्रसेवक कर्मचारी,सुरक्षाकर्मी,स्वयमसेवक तथा नगरवासीहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु।

**४**. नेपालको संविधानले परिकल्पना गरेको संघिय लोकतान्त्रिक राज्य प्रणाली,नेपाल सरकार,१.न. प्रदेश सरकार,शिवसताक्षी नगरपालिकाका कानून,आवधिक योजना,दिगो विकाशका लक्ष्यहरु,हाम्रा चुनावी घोषणा पत्रहरु, वुद्धिजिवीहरुका राय तथा शिवसताक्षी नगरवासीहरुको चाहाना तथा आवश्यकताहरु एवम् लाई यस नीति तथा कार्यक्रम तर्जुमाको आधारका रुपमा लिएको छु ।

५. ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्र, संघिय ढाँचा सहितको राज्य पुनःसंरचना अन्तगर्त स्थापित स्थानिय तह र सरकारले हामीलाई दिगो शान्ति, स्थायित्व, विकास, समृद्धि, सामाजिक न्याय र समाजवादतर्फ अघि बढ्ने आधार दिएको छ ।संघियता पछिको दोस्रो स्थानीय तहको निर्वाचन द्वारा हामी निर्वाचित भएसंगै प्रत्येक नगरवासीको परिवर्तनको चाहना एवम् विकास र समृद्धिको सपनालाई सार्थक वनाउने सम्भावनाको ढोका खुलेको छ । सामाजिक न्याय सहितको वहुआयामिक एवं तीव्र विकास द्वारा स्वच्छ, सुःखी र समृद्ध नगर एवंम नगरवासीको सुख र समुन्नती प्राप्तीको नगर आकाङ्क्षा पुरा गर्न अघिल्लो स्थानीय सरकारका प्रभावकारी नीतिहरुलाई निरन्तरता दिदै पहिचान गरिएका थप नयाँ नीतिहरुको समेत व्यवस्था गरि यो नीति तथा कार्यक्रम प्रस्तुत गरेछु ।

६. यस अघि नगरपालिकाले विकास,सुशासन र संमृद्धिको यात्रामा हालसम्म हासिल गरेका उपलव्धिहरुलाई संस्थागत गर्दै नगरवासीको उन्नती प्रगित एवम् सम्रग नगरको समृद्धिका लागि सुरक्षित व्यावसायिक वातावरण स्थापना गर्ने तथा रोजगारीको वातावरण सृजना गर्न प्रविधि हस्तान्तरण गर्ने सोच अगाडी वढाएको छु ।

८. सार्वजनिक खर्चको प्राथमिकीकरण गरी चालु योजनाहरु शीघ्र सम्पन्न गर्न विशेष पहल गर्दै नगर विकासका सम्वाहक वन्ने थप नयाँ योजना तथा कार्यक्रमहरु आगामी वजेटमा समावेश गरिनेछ ।

९. नगरवासीहरुको तिव्र विकासको चाहानालाई मनन गर्दै नगरका सिमित स्रोत साधनहरुको वुद्धिमतापूर्ण सदुपयोग हुने कार्यक्रमहरुलाई आउदो वजेटमा समावेसी गरी नगरवासीहरुको खुशी र सुःखका लागि यस स्थानिय सरकार अभिभावक वन्ने आशा लिएको छु ।

आदरणीय नगरसभा सदस्यहरु,

अव म आ.व.२०७८/७९ नीति तथा कार्यक्रमहरुको समिक्षा गर्न चाहान्छु

**१०.समस्या तथा चुनौतिहरुः-**

- नीतिमा व्यवस्था गरिएका सोच अनुरुपका कार्यक्रमहरु स्रोत अभावका कारण वजेटमा समावेश हुन नसक्नु ।
- आवधिक योजना कार्यान्वयन नहुँदा नीति अनुरुपका लक्ष्यहरु प्राप्त नहुनु ।
- महत्वकांक्षि योजनाहरुको थालनी हुदाँ स्रोतको अभाव हुनु ।
- योजना तथा कार्यक्रम साना तथा धेरै संख्यामा हुनु ।
- शाखागत र वडाका कार्यक्रमहरुमा दोहोरोपना हुनु ।
- संघ,प्रदेश र अन्य निकायहरु संग योजना, कार्यक्रम तथा अन्य सेवा प्रवाहका सन्दर्भमा उल्लेखनीय समन्वय हुन नसक्नु ।
- संघ,प्रदेश र अन्य निकायहरुवाट प्राप्त हुने शशर्त कार्यक्रमहरु स्थानीय आवश्यका तथा प्राथमिकतासँग मेल नहुनु,
- संघ,प्रदेश र अन्य निकायहरुवाट प्राप्त हुने अनुदान रकमहरु समयमा प्राप्त नहुनु,
- उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु अनुभव,क्षमता तथा दक्षताको अभावमा गुणस्तरीयतामा कमि हुनु तथा समयमानै संचालनमा हुन नस्कनु ।

## क) आर्थिक विकास सम्बन्धी नीतिहरु

**१. कृषि तथा पशु विकास सम्बन्धी नीति :-**

१.१. निर्वाहमुखी खेती प्रणालीबाट कृषि क्षेत्रलाई उत्पादनमुखी,व्यवसायीक तथा रोजगारीमुलक बनाउने कार्यक्रम संचालन गरिने छ ।

१.२. कृषि पकेट क्षेत्रको रुपमा यस नगरपालिका कृषि क्षेत्रलाई विकास गर्दै धान, गहुँ, मकै, तोरी च्याउ र मौसमी तथा बेमौसमी तरकारी उत्पादन बृद्धिमा जोड दिइनेछ ।

१.३ संघ, प्रदेश तथा दातृ निकायको समन्वय तथा साझेदारीमा कृषकहरुको उत्पादनको संरक्षण गर्न कृषक/कृषक समुह/फर्म र सहकारी संस्थाहरु संगको साझेदारीमा कृषि उत्पादन संरक्षण सहितको भण्डारण ब्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।

१.४ कृषि सहकारी, समूह तथा फर्म मार्फत चकलावन्दी खेती गर्नको लागि अनुदानको व्यवस्था मिलाइनेछ ।

१.४. अनुसन्धान प्रविधि र यान्त्रीकरणको प्रसार कृषि उत्पादनको आधार लाई निरन्तरता दिदै अंगिकार गर्दै नगरक्षेत्र भित्र मौसमी तथा वेमौसमी तरकारी तथा फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ ।

१.५ ब्यवसायीक पशु पालनलाई प्रोत्साहन गर्दै पशु विमा गर्ने कार्यलाई प्रवर्द्धन गरिने छ ।

१.६ नगरमा एक ब्यवस्थित पशु बधशाला निर्माणका लागि जग्गाको खोजी गरी निर्माण गर्न पहल गरिने छ ।

१.७ स्वस्थ्य र स्वच्छ मासुको प्रवर्द्धनका लागि लागत सहभागितामा मासु पसल(फ्रेस हाउस) निर्माण तथा संचालन कार्यलाई निरन्तरता दिइनेछ ।

१.८ नगरको दुई स्थान शिवगंज र झिलझिलेमा कृषि उपज सङ्कलन, बिक्री कक्ष तथा भण्डारण केन्द्र निर्माण तथा संचालनको लागि अनुदानको व्यवस्था मिलाईनेछ ।

१.९ आमा र माटोको सुधार, भान्सा नै औषधालय अन्तरगत प्राङ्गारिक मलको प्रयोग, अर्गयानीक खेतीलाई प्रोत्साहन र सहयोग गर्ने तथा बढि विषादी प्रयोग गर्ने लाई निरुत्साहित गर्ने नीतिलाइ निरन्तरता दिईएको छ ।

१.१० ब्यवसायीक बाख्रा,गाई,भैंसी,बंगुर,माछापालनलाई उत्पादनका आधारमा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ ।

१.११ उन्नतजातका पशु नश्ल सुधारका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी वढाईने छ ।

१.१२ कृषि समुह, कृषि सहकारीमा आवद्ध नभएका कृषकहरुलाई समेत त्यस्ता समुह तथा सहकारीमा आवद्ध हुन प्रेरित गर्दै अगुवा कृषकहरुलाई कृषि सम्बन्धि सेवा सुविधा उपलब्ध गराईने छ ।

१.१३ विदेशबाट फर्किएर आएका ब्यक्तिहरु तथा बेरोजगार यूवाहरुलाई कृषि तथा पशु उद्यम प्रति प्रोत्साहान गर्ने तथा निजहरुलाई बैंक/वित्तिय संस्था/सहकारी संस्थाहरुबाट न्यून ब्याजदरमा ऋण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१.१४ कृषि/पशु उत्पादन तथा प्रवर्द्धन गर्न पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१.१५ कृषि उत्पादकत्व बढाउन एक समुह एक उत्पादन कार्यक्रमनिरन्तरता दिइनेछ।

१.१६ कृषिलाई आधुनिकिकरण तथा यान्त्रिकीकरण गर्न कृषि मेशिनरी कार्यक्रम लाई निरन्तरता दिईने छ ।

१.१७ मह प्रवर्द्धन तथा मौरी पालन क्षेत्र विस्तारमा सहयोग पुर्याइनेछ ।

१.१८ चकलावन्दी खेतीको माध्यमबाट धान र गहुँ उत्पादनमा बृद्धि ल्याईनेछ ।

१.१९ कृषिमा प्रवर्द्धनात्मक गर्न उद्यमशिललाई (एकल वा सामुहिक) प्रोत्साहान स्वरुप अनुदान कार्यक्रम संचालन गरिने छ ।

१.२० पशु स्वास्थ्य सेवा,कृषि विकास सेवामा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्तीका लागि सम्बन्धित निकाय संग पहल गरिने छ ।

१.२१ कृषि तथा पशु विकासमा प्रविधिको नविनतम सिप तथा क्षमताको उपयोग गर्न स्रोत ब्यक्तिको उत्पादनमा जोड दिईने छ ।

१.२२ ९ कठ्ठा जग्गामा शिवगंज कृषि थोक बजार निर्माणको कार्य यसैआर्थिक वर्षमा सम्पन्न गरिनेछ र थप १ विघा जग्गा भाडामा लिई डिपिआर अनुसार थप बजार पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

१.२३ कन्काई सिंचाई योजनाको सुद्धिकरणका लागी जापान सहयोग नियोग जाइकाले गर्ने कार्यमा यस नगरपालिकाबाट सहकार्य गरिनेछ ।

१.२४ नेपाल सरकारले चालु आ.व. २०७९/८० देखि सुरु गरेको किसान सुचिकरण कार्यक्रम सवै वडाहरुमा विस्तार गरिनेछ । किसान सूचिकरण प्रणाली अन्तरगत सरकारी स्तरवाट किसानहरुलाई उपलब्ध गराउने सेवा सुविधालाई क्रमशः किसान परिचयपत्रसंग आवद्ध गर्दै लगिने छ ।

**१.२५** कृषि तथा पशुपन्छी जन्य वस्तु उत्पादन गरी स्थानीयस्तरमा नै स्वरोजगार हुन चाहने युवाहरुको लागि युवा लक्षित कृषि कार्यक्रम संचालन गरिनेछ ।

**१.२५** रसायनिक मलको परनिर्भरतालाई कम गर्ने उद्धेश्यले प्राङ्गारिक मल उत्पादन उद्योगको विकाश गरिदै लगिनेछ ।

**१.२६** सिंचित क्षेत्रको विस्तार गरी उत्पादन र उत्पादन वृद्धि गर्ने उद्धेश्यले साना सिचाई मोटर जडान कार्यक्रम संचालन गरिनेछ ।

ज्ञ.द्दठ दुग्ध उत्पादनलाई वृद्धि गरी व्यवसायलाई विविधिकरण गर्ने उद्धेश्यले चिस्यान केन्द्र स्थापना गरिनेछ ।

**१.२८** पशु पंक्षी स्वास्थ्यमा सुधार ल्याई उत्पादन वढाउन विशेषज्ञ सहितको घुम्ती पशु स्वास्थ्य शिविर हरुलाई निरन्तरता दिईनेछ ।

**१.२९** उन्नत घाँस खेति प्रवर्द्धन गर्ने उद्धेश्यले घाँसको वीउवितरण गरिनेछ ।

**१.३०** रैथान स्थानीय अन्न वालीहरुको संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ ।

**१.३१** कृषकहरुलाई वाली विमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२. **उद्योग तथा वाणिज्य सम्बन्धि सम्बन्धी नीति :-**

२.१. घरेलु तथा साना उधोगको क्षेत्रमा प्रत्येक वडामा उत्पादन हुन सक्ने वस्तु तथा सेवाको सम्भाव्यता अध्ययन गरी आफ्नै श्रोत आफ्नै उधमको नीति लिदै एक वडा एक पहिचान कार्यक्रम अघि वढाउन पहल गरिनेछ ।

२.२. स्थानीय कलाको प्रवर्द्धन गर्दै स्थानीय स्तरमा घरेलु तथा लघु उद्यमको विकास तथा विस्तारमा पहल गरिने छ ।

२.३. आर्थिक रुपमा पछि परेका आदिवासी, जनजाती, दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई कृषि, पशु पालन, लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुर्याइनेछ ।

२.४ लगानीमैत्री वातावरण सृजना गर्दै उद्धमीको हात नगरको सदैब साथ नीति अवलम्वन गर्दै उधोग स्थापनाको लागि उधोगीहरुलाइ विशेष प्रोत्साहन गरिनेछ ।

२.५. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत बेरोजगार महिला तथा युवाहरुलाई उधमशिल वनाईनेछ ।

२.६ स्थानीय उद्योग बाणिज्य संघ/सहकारी संस्था/वित्तिय संस्था/बैंकहरु संग सहकार्य गरी स्थानीय उद्योगी तथा ब्यवसायीहरुलाई उद्यमशिलता,उपभोक्ता हित संरक्षण जस्ता विषयहरुमा तालिम प्रदान गरि उद्यमी तथा रोजगारी सृजना गरी आर्थिक उपार्जनमा सहयोग पुरयाईने छ ।

२.७ नगर औधोगिक ग्राम स्थापनाको लागि पहल गरिनेछ ।

३. **पर्यटन सम्बन्धी नीति :-**

३.१. यस नगरपालिकालाई पुर्वाञ्चलकै प्रमुख पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरु योजना बमोजिम संघ तथा प्रदेश सरकार, उधमी र पर्यटन व्यवसायीहरुको सहकार्य तथा साझेदारीमा सतासीधाम धार्मिक तथा पर्यटकिय क्षेत्र, दोमुखा पर्यटकीय क्षेत्र चिल्लागढ ऐतिहासिक तथा धार्मिक स्थल निर्माण कार्यलाई निरन्तरता दिईनेछ । डुडामारी सिमसार क्षेत्रको रेखदेख गरिनेछ ।साथै नगर क्षेत्रका अन्य धार्मिक, पर्यटकिय क्षेत्रको पहिचान गरी प्रवर्द्धनमा पहल गर्ने नीति लिईने छ ।आगामी आ.व.मा निर्माणाधिन दोमुखा स्वीमिङ्ग पुललाई सम्पन्न गरी वहुवर्षिय ठेक्का मार्फत व्यवस्थापन गरी नगरको आय स्रोतमा वृद्धि ल्याइनेछ ।

३.२. लगानी कर्तालाई यस नगर क्षेत्र भित्रका पर्यटकिय क्षेत्र तथा मनोरञ्जनात्मक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति लिइने छ ।

३.३ आन्तरीक पर्यटनलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।

३.४ दोमुखामा रहेको नगर गौरवको योजना आदिवासी जनजाति वहु-सांस्कृतिक संग्रहालयनिर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३.५ संघ तथाप्रदेश सरकारको सहयोगमा सतासीधाममा पिकनिक स्थल, सतासीधाम मन्दिरसुधार तथागौशाला निर्माण लगायतकापूर्वधार निर्माण गर्दै धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकाश गर्दै लगिनेछ ।

४. **सहकारी सम्बन्धि नीति : -**

४.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धनमा जोड दिईनेछ ।

४.२. आत्मनिर्भर र दीगो स्थानीय अर्थतन्त्रको निर्माण गर्न सहकारी सस्थाहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

४.३.उपभोक्ता हकहित संरक्षणका लागि आवश्यक वस्तुको आपूर्ती व्यवस्थापन चुस्त वनाउन बजार अनुगमन कार्यलाई निरन्तरता दिइ सहकारीहरुको समन्वयमा एक वडा एक सुपथ मूल्य सहकारी पसल संचालनका लागि प्रोत्साहन गरिनेछ ।

४.४. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शि तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

४.५ सहकारी संस्थाहरुको साझेदारीमा कृषि,पशुपालन कार्यक्रम तथा कृषि व्यावसाय प्रवर्द्धन गरिने छ ।

## ख) सामाजिक विकास सम्बन्धी नीतिहरु

**५ शिक्षा सम्वन्धी नीति :-**

५.१ नगर क्षेत्र भित्र वसोवास गर्ने प्रत्येक वालवालिकालाई आधारभूत शिक्षामा पहुँचको सुनिश्चितताामा जोड दिईनेछ ।

५.२ मागमा आधारित सघन साक्षरता, साक्षरोत्तर शिक्षा तथा शिपविकास कार्यक्रम संचालन गरिनेछ ।यसका लागि विद्यालयसामुदायिक सिकाई केन्द्रहरु समेतको क्षमता विकास गरी उक्त संस्थाहरुलाई थप जिम्मेवार वनाइनेछ ।

५.३ असल अभ्यास भएका र उच्च सिकाई उपलब्धि हासिल गर्न सफल विधालय एवं न्यून सिकाई उपलब्धि भएका विद्यालयहरुको विचमा अनुभव आदान प्रदान कार्यक्रम मार्फत शैक्षिक गुणस्तर एवं व्यवस्थापकिय क्षमता वृद्धि गर्ने व्यवस्था मिलाइने छ ।

५.४ वालवालिकाहरुमा अन्तरनिहित प्रतिभाहरुको प्रस्फुटनका लागि सह तथा अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाईको अभिन्न अंगको रुपमा लिई सोका लागि विशेष प्रोत्साहन गरिनेछ ।

५.५ सबै विधालयहरुलाई तोकिए वमोजिम एउटै रंग लगाउन प्रोत्साहन गरिनेछ ।

५.६ विद्यालयका पूर्वाधारहरुलाई वालमैत्री तथा अपाङ्गमैत्री वनाइनेछ ।

५.७ शिक्षण सिकाई प्रक्रियामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई प्रभावकारिता ल्याइनेछ ।

५.८ सूचना प्रविधिको यथोचित विकास गरी सम्पूर्ण सामुदायिक तथा संस्थागत विधालयहरुमा इन्टरनेट सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

५.९ विधालयमा कार्यरत गुरुहरुको आत्म बल,आत्म सम्मान र सन्तुष्टि अभिवृद्धि हुने गरी अभिप्रेरणात्मक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५.१० नगरको आन्तरिक आय क्षमताले भ्याउदो सबै विधालयमा कार्यरत वाल शिक्षा शिक्षक र विधालय कर्मचारीहरुको सेवा सुविधाको सम्बोधन र क्षमता विकास गरिने कार्यलाई निरत्नरता दिईनेछ ।

५.११ सबै विद्यालयमा शुद्ध पिउने पानी, शौचालय सुविधा, खेलकुद मैदान र पुस्तकालयको व्यवस्थामा जोड दिने नीति लाई निरन्तरता दिईनेछ ।

५.१२ विधालयहरुको नियमित अनुगमन गर्ने कार्यलाई प्रभावकारी वनाईने छ ।

५.१३ मातृभाषा (दोश्रो भाषा) संरक्षण तथा प्रवर्द्धन गर्न शिक्षक दरवन्दी व्यवस्थापन गरी मातृभाषाको प्रभावकारी पठन पाठन कार्यलाई निरन्तरता दिईनेछ ।

५.१४ प्राविधिक शिक्षा तथा उच्च शिक्षा अध्ययन गर्न ईच्छुक विपन्न जेहेन्दार विद्यार्थीलाई मेयर छात्रवृति कोषकोमार्फत छात्रवृति प्रदान कार्यलाई निरन्तरता दिईनेछ । यस कोषलाई कार्यविधी वनाइ व्यवस्थित गरिनेछ।

५.१५ यस नगर क्षेत्र भित्रका सामुदायिक क्याम्पसहरुलाई संचालन अनुदान तथा ब्यवस्थापन अनुदान दिईने नीति लिईनेछ ।

५.१६ सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुलाई महिनावारी भएका वखत विद्यालय आवगमनमा सहजता ल्याउन स्यानीटरि प्याड विद्यालयमा उपलब्धगराउने कार्यलाइ निरन्तरता दिइने छ ।

५.१७ कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिईने दिवा खाजाको ब्यवस्थापन र गुणस्तरमा ध्यान दिईने छ ।

**५.१८** स्थानीय भाषा, संस्कृति, धर्म,साहित्य,पर्यटकिय तथा धार्मिक स्थल,भौगोलिक पहिचान,कृषि जन्य सम्भावना एवम् प्रशासनिक क्षेत्रलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।

**५.१९** विद्यार्थीहरुको शारिरिक तथा मानसिक विकासको लागि अन्तर विद्यालय राष्ट्रपति रनिङ्ग शिल्डलाई निरन्तरता तथा अन्य खेलकुद प्रतियोगीता आयोजनालाई प्रोत्साहान गरिनेछ ।

**५.२०** आधारभूत तहका विद्यार्थीहरुको शैक्षिक स्तरको समान मूल्याङ्कन विधि अपनाएर कक्षा ५ र ८ मा नगर स्तरीय परीक्षा संचालन गर्ने निरन्तरता दिईनेछ ।

**५.२१** वाल क्लव,स्काउट र रेडक्रस जस्ता स्वयमसेवी संस्थालाई विद्यालयगत रुपमा गठन र परिचालन गरि विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिईने छ ।

**५.२२** शिक्षकहरुको कार्य क्षमता विकास गर्न पुनर्ताजगी तालिम संचानलन गरी शिक्षण सिकाईमा प्रभावकारीता ल्याईनेछ ।

**५.२३** विद्यार्थीहरुको मनोभावना वुझी सिकाई टिकाउ वनाउन वाल मनोविज्ञान तथा मनोपरार्मश सम्वन्धी कार्यक्रम संचालन गरिन्छ ।

१२ नगर स्मार्ट विधालय निर्माण कार्यक्रमको माध्यमवाट विधालयहरुको इन्टेरियर सुधार गरी गुणस्तरीय अध्ययन र अध्यापन गर्ने वातावरण निर्माण गरिनेछ ।

६. **स्वास्थ्य सम्बन्धि नीति :-**

६.१ नेपाल सरकार स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको खोप तालिका बमोजिम सवै वालवालिकाको लागि खोपको सुनिश्चतता भई नगरलाई पूर्ण खोप सुनिश्चतताको घोषणा गरिनेछ

६.२ नगर क्षेत्र भित्रका विपन्न ब्यक्तिहरुलाई क्यान्सर, मुटु, मृगौला रोगीहरुलाई उपचार सहयोग उपलब्ध गराईन्छ ।कार्यविधी अनुरुपका दिर्घ रोगीलाई मासिकरुपमा रु ५०००।- उपलब्ध गराइनेछ ।

६.३ आयुर्वेद चिकित्सा प्रणालीको विकासलाई प्रोत्सहान गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

६.४ गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थलाई मध्यनजर गरी सुत्केरी पोषण कार्यक्रम संचालन गरिने छ जस्को लागि ३५ दिन भित्र जन्म दर्ता भैसकेको हुनुपर्नेछ ।लैङ्गिक समतामूलक सामाज निर्माणका लागि छोरी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

६.५ स्वास्थ्य संस्थाहरुको क्षमता अभिवद्धी गर्दै प्रभावकारी बनाईने छ ।

६.६ कोरोना भाईरस,एच.आई.भि.एड्स, मलेरिया, क्षयरोग, हेपाटाईटिस, डेङ्गो जस्ता रोगहरुको नियन्त्रण तथा उपचारका लागि कार्यक्रममा समावेश गरिनेछ ।

६.१० नगरको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयं सेविकाहरुको भुमिकालाई अझ प्रभावकारी बनाईने छ ।

६.११ प्राथमिक स्वास्थ्य केन्द्रशिवगंजमा १५ शैयाको आधारभूत अस्पतालनिर्माण कार्यलाई निरन्तरता दिइआगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

६.१२ स्वास्थ विमा कार्यक्रमलाई वडासँग समन्वय गरी निरन्तरता दिइनेछ ।

६.१३ शव वाहन खरिद भई जनसेवा प्रदान गर्ने कार्यलाई सहजता ल्याइनेछ ।

७. **संस्कृति प्रवर्धन सम्बन्धी नीति :-**

७.१ नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने किराँत, राजवंशी, ताजपुरिया, सन्थाल, आदिवासी जनजाती, नेवा, मधेशी, पिछडावर्ग, दलित, लोपोन्मुख, सिमान्तकृत, खस-आर्य समेतका समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमहरुमा आवश्यक सहयोग गरिनेछ ।

७.२ नगर क्षेत्र भित्रका आदिवासी जनजाति हरुको धार्मिक साँस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ,मन्दिर,गुम्बा आदिको संरक्षण,सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

७.३ एतिहासिक, साँस्कृतिक, पर्यटकिय समृद्ध शिवसताक्षी नगर बनाउने आकांक्षाका साथ नगरको इतिहास, संस्कृति, मौलिक परम्परा समेटने फोटो, चित्र, पेन्टिङ्ग,श्रव्यदृष्य सामाग्री निर्माण गर्नुका साथै विभिन्न स्थानहरुमा कलात्मक मूर्ति तथा भितेचित्र राखिनेछ ।

७.४ नगर क्षेत्र भित्र धार्मिक एवं अध्यात्मीक रुपमा प्रतिष्ठित एक योग एवं ध्यानकेन्द्र स्थापनाको पहल गरिनेछ ।

**८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीति :-**

८.१ शिवसताक्षी नगरपालिकाको सरोकार महिलालाई अवसर र अधिकार भन्ने मूल्य मान्यतालाई आत्मसात गर्दै महिलाहरुलाई समूह समिति सहकारी र संस्थामा आवद्ध गराई महिलाहरुलाई उत्पादन मूलक व्यवसाय र स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ ।

८.२ नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने महिला, आदिवासी, जनजाती, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, लोपुन्मुख, सिमान्तकृत, अल्पसंख्यक, जातजातीको संरक्षण एवं विकासको कार्यहरुमा

❖ बाँकी अन्तिम पृष्ठमा